मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## सबै मुख्यमन्त्रीहरु काठमाडौँमा

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री सुशीला कार्कीले सातै प्रदेशका मुख्यमन्त्रीहरूको बैठक आह्वान गरेपछि सातै प्रदेशका मुख्यमन्त्रीहरु काठमाडौँ पुगेका छन् । प्रधानमन्त्रीले आइतबार दिउँसो ४ बजे बालुवाटारमा मुख्यमन्त्रीहरुलाई बोलाएकी छिन् ।
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्की, मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार (सोनल), बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको उपस्थिति रहनेछ । 'प्रधानमन्त्री कार्कीले परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबीच संवाद गर्न र सहकार्य थप सघन बनाउन बैठक आह्वान गर्नु भएको छ,' मधेशका मुख्यमन्त्री सोनलले भने, 'बैठकमा सहभागी हुन काठमाडौँ पुगेको छु ।'

● वर्ष ३ ● अंक ३२३ ● २०८२ साल कार्तिक १६ गते आइतबार ● Sunday 02, November 2025 ● सूर्योदय: बिहान ०६:१५ बजे ● सूर्यास्त: साँझ ५:२२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# भ्रष्टाचारमुक्त प्रदेश पहिलो प्राथमिकताः मुख्यमन्त्री



**मधेशदृष्टि**
**सिमरा ।**
मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले प्रदेशलाई भ्रष्टाचारमुक्त बनाई सुशासन स्थापना गर्ने दिशामा सरकार प्रतिबद्ध रहेको बताएका छन् । बाराको सिमरामा आयोजित सिमरा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको २३ औँ साधारणसभा तथा अधिवेशनमा उनले यस्तो बताएका हुन् ।
मुख्यमन्त्री सोनलले नागरिकको काँधमा जीविकोपार्जन गर्ने, सामाजिक सौहार्द कायम गर्ने, साथै देशको उन्नति गर्ने दोहोरो जिम्मेवारी रहेको बताए ।
उने नेपाल र मधेश प्रदेशको भूमि स्वर्गभन्दा पनि ठूलो रहेको भावना व्यक्त गर्दै 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' भन्ने सन्देशको स्मरण गराए । उनले मुलुक अहिले अत्यन्तै 'तरल अवस्थामा' रहेको स्वीकार गरे ।
देशमा कुशासन, व्यथिति र भ्रष्टाचार बढेको भन्दै अहिले सम्पूर्ण नेपालीको ध्यान केन्द्रित भएको र जेन्जी समूहका युवाले समेत आन्दोलनको माध्यमबाट विचार व्यक्त गरिरहेको अवस्था रहेको उनले उल्लेख गरे ।
मुख्यमन्त्री सोनलले प्रदेश सरकार जनताको काँधमा काँध मिलाएर व्यथितिलाई समाप्त पार्दै कुशासनलाई समाप्त पार्न तयार रहेको स्पष्ट पारे । उनले सरकार सुशासनको दिशामा पाइला अगाडि बढाउने र भ्रष्टाचार एवम् भ्रष्टाचारीलाई समाप्त गर्दै भ्रष्टाचारमुक्त समाज र राज्य निर्माण गर्न तयार रहेको बताए ।
मुख्यमन्त्री सोनलले देशमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था नै दुनियाँका गरिब र निमुखा जनताको लागि सबभन्दा राम्रो व्यवस्था भएकोमा जोड दिए । उनले संविधान, नेतृत्व र ब्युरोक्रेसीमा कमजोरी रहेको स्वीकार गर्दै ती सबलाई करेक्सन गर्दै जानुपर्ने आवश्यकता औँल्याए । यी चुनौतीका बाबजुद यही व्यवस्थालाई संस्थागत गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिँदै उनले यही व्यवस्थामा नेपाललाई समुन्नत नेपाल बनाउने र मधेश प्रदेशलाई समुन्नत मधेश प्रदेश बनाउने लक्ष्य रहेको बताए ।

# सुशीला सरकारका कारण मुलुक 'मल्टिपल अर्गान फेलियर'




**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकारको कारण मुलुक 'मल्टिपल अर्गान फेलियर' को अवस्थामा पुगेको टिप्पणी गरेका छन् । शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्न नसकेको, वैदेशिक सम्बन्ध शून्यतामा पुर्याएको, सुशासन कायम गर्न नसकेको र विकास निर्माण ठप्प बनाएको भन्दै साहले वर्तमान सरकारको कारण मुलुक 'मल्टिपल अर्गान फेलियर' को अवस्थामा पुगेको दाबी गरेका हुन् । सरकार बनेको ४५ दिन पुगिसक्दा पनि आफ्नो मूल लक्ष्य हासिल गर्नेतर्फ सफल हुन नसकेको साहको आरोप छ ।
शनिबार काठमाडौँमा पार्टीको गोकर्णेश्वर नगर कमिटीले

बाँकी पृष्ठ २ मा

# जानकी मन्दिरको सौन्दर्यकरणमा कमसल टायल ?



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र जानकी मन्दिरमा सौन्दर्यकरणक्रममा भ्रष्टाचार भएको भन्दै प्रश्न उठ्न थालेको छ । मुख्यमन्त्री सौन्दर्यकरण अभियानअन्तर्गत जडान गरिएका करोडौँ मूल्यका टायल धमाधम फुट्न थालेपछि परियोजनाको गुणस्तरमाथि गम्भीर आशंका गरिएको हो । २०७५ साल साउन १३ गते तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा ७ करोड ७५ लाख रुपैयाँको लागतमा शुरु गरिएको परियोजनामा गुणस्तरहीन मार्बल प्रयोग गरिएको आरोप लगाइएको छ । स्थानीय अभियन्ता र

बाँकी पृष्ठ २ मा

# 'प्रहरी कारबाही गर्दैन तस्कर घरमै आएर पिट्छ'



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१७, अलौमा तस्कर समूहको दबाब र आतंक बढ्दै गएपछि स्थानीयले असुरक्षा महसुस गरेका छन् । प्रहरीलाई सुराकी गरेको आरोप लगाउँदै तस्करले नै स्थानीय दिपेन्द्र गुप्ताको परिवारमाथि कुटपिट र धम्की जारी राखेपछि विस्थापित हुनु पर्ने अवस्था बनेको छ ।
असोज २१ गतेदेखि यस्तो तनाव शुरु भएको हो । सशस्त्र प्रहरी बल कोनिया बेस क्याम्पबाट गएको टोलीले अलौ निवासी हरिशंकर प्रसाद कलवार र हरिचन्द्र कलवारको घरमा छापा मार्दै तस्करीका सामान बरामद गरेपछि यस्तो तनाव शुरु भएको हो । असोज २३ गते बिहान करिब २५–३० जनाको समूह सोही गाउँमा पुगेको थियो। उनीहरूले दिपेन्द्रको घरमा पुगेर 'तैंले नै प्रहरीलाई सुराकी गरिस्' भन्दै ठूला दाइमाथि सामूहिक रूपमा कुटपिट गरेका थिए । दिपेन्द्रले सोही दिन जिल्ला प्रहरी कार्यालय पर्सामा तस्कर समूहबाट कुटपिट र अभद्र व्यवहार भएको भन्दै शान्ति सुरक्षाका लागि निवेदन दिएका थिए । तर सोही रात पुनः तस्कर समूहले गाउँमै गएर दिपेन्द्रका दाइलाई दोहो¥याएर कुटपिट गरेपछि उनले असोज २४ गते अर्को जाहेरी दिएका थिए ।
पीडितको भनाइअनुसार प्रहरीद्वारा प्रारम्भिक अनुसन्धान भए पनि ठोस कारबाही नभएको र पछि कुटपिटमा संलग्न अदालतबाट निषेधाज्ञा लिएपछि प्रहरी पछि हटेको बताइएको छ । स्थानीय स्रोतका अनुसार सशस्त्र प्रहरी कोनियामा कार्यरत हवल्दार सुनिल यादव तस्करसँग मिलेमतोमा महिनावारी रकम लिने काम भएको थियो । सोही कारण उनले तस्करहरूमाझ दिपेन्द्र गुप्तामाथि 'सुराकी गरेको' आरोप लगाएको र त्यसपछि तस्कर समूहले दिपेन्द्रमाथि आक्रमण थालेको बताइएको छ ।
दिपेन्द्रले भने, 'मैले कुनै सुराकी गरेको छैन, तर मलाई र परिवारलाई बारम्बार कुटपिट र धम्की दिइँदैछ । प्रहरीसमक्ष मुद्दा दर्ता गर्न गएका छौँ, तर उनीहरूले पनि ढिलासुस्ती र बेवास्ता गरिरहेका छन् ।' दिपेन्द्रको परिवार डर र असुरक्षाबीच जीवन बिताइरहेको छ । स्थानीयले प्रहरी प्रशासनसँग पीडित परिवारको सुरक्षाको माग गरेका छन् ।

# आर्थिक अभावले शव तीन दिनदेखि अस्पतालमै



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई–४, डोकैला बहुअरीका एउटा परिवार तीन दिनदेखि आफन्तको शव लिन अस्पतालमा धाइरहेका छन् । अस्पतालको फ्रिजमा शव राखिएको छ, उनीहरुले पाएका छैनन् ।
असोज १८ गते साँझ बहुदरमाई नगरपालिका–४ डोकैला बहुअरीका ५५ वर्षीय महेन्द्र राउत अहिरलाई ध्यानसिंह पिपराका मन्देश साह तुरहाले चलाएको मोटरसाइकलले ठक्कर दिएको थियो । घाइतेलाई उपचारका लागि वीरगंज–१४ गण्डकस्थित नेपाल मेडिसिटी बयोधा अस्पतालमा भर्ना गरिएको थियो । उपचारक्रममा टाउकोको शल्यक्रिया गरिए पनि अवस्था गम्भीर बन्दै गएपछि बिहीबार साँझ उनको मृत्यु भयो ।
अहिरको उपचारमा ९ लाख रुपैयाँ खर्च भएको बताइएको छ । तर, परिवारले हालसम्म दुई लाख रुपैयाँ मात्रै तिर्न सकेका छन् । चालक मन्देश साहले १ लाख ५० हजार रुपैयाँ र मृतकका परिवारले ५० हजार रुपैयाँ अस्पतालमा बुझाएका थिए । बाँकी ७ लाख रुपैयाँ तिर्न नसक्दा अस्पतालले शव

बाँकी पृष्ठ २ मा

# मौसममा क्रमिक सुधार, जाडो सक्रिय

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पश्चिमी वायु र अरब सागरमा बनेको न्यूनचापीय प्रणालीको प्रभावका कारण शनिबार देशका विभिन्न स्थानमा वर्षा भइरहेको हो । शनिबार अघिसम्म वर्षा गराएको चक्रवात मोन्थाचाहिँ नेपालबाट बाहिरिसकेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागका अनुसार पछिल्ला केही दिनमा देशका कतिपय स्थानमा 'भारी' वर्षा र हिमपातसमेत भएको छ । मनसुन सकिएपछि भइरहेको पछिल्लो बर्खाले चिसो पनि बढाउने मौसमविद्हरूले बताएका छन् ।
उनीहरूका अनुसार नेपालमा हिउँदयाममा भूमध्य सागरबाट आउने वायुले वर्षा गराउँछ । भूमध्य सागरबाट आउने वायु इरान, अफगानिस्तान, पाकिस्तान र भारतको उत्तराखण्ड हुँदै नेपालको सुदूरपश्चिमबाट भित्रिन्छ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा शनिबार साधारणतया बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहने जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।
बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा, कोशी र मधेश प्रदेशका थोरै स्थानमा तथा कर्णाली प्रदेशका एक–दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको मौसमविद् महर्जनले बताइन् ।
कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू–भागका थोरै स्थानमा मध्यम हिमपात र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू–भागका एक–दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । कोशी, बागमती, गण्डकी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा आइतबार पनि हल्का वर्षा हुने पूर्वानुमान गरिएको छ ।
आइतबारदेखि मौसम सुधार हुँदै जाने छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीबारबाट शुक्रबारसम्म खासगरी मोन्था चक्रवातको असरले नेपालमा वर्षा भएको हो । शनिबार विभिन्न ठाउँमा हवाई उडानका साथै 'माउन्टेन फ्लाइट' हुन नसकेको हवाई सेवा प्रदायक कम्पनीहरूले जनाएका छन् ।

# 'जेन्जी आन्दोलन घाइते परिचयपत्र' वितरण गरिँदै

**बैतडी ।**
जेन्जी आन्दोलनका क्रममा घाइते भएका बैतडीका व्यक्तिहरूलाई 'जेन्जी आन्दोलन घाइते परिचयपत्र' वितरण गर्ने तयारी भएको छ ।

गत भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा बैतडीका छ जना घाइते भएको सूची स्वास्थ्य मन्त्रालय हुँदै गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई पठाएको छ । घाइते परिचयपत्र वितरणका लागि सूची सार्वजनिक गरिएको बैतडीका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिए । उनले भने, 'गत भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा घाइते भएकाहरूको सूची स्वास्थ्य मन्त्रालय हुँदै गृह मन्त्रालयले हामीलाई (जिल्ला प्रशासन कार्यालय) पठाएको छ । त्यही सूची हामीले सार्वजनिक गरेका छौँ ।'

गृह मन्त्रालयले पठाएको बैतडीका घाइते व्यक्तिहरूमा १९ वर्षीय दीपक साउँद, ३० वर्षीय मनिष ठगुन्ना, २४ वर्षीय हरिस भुल, २० वर्षीय वासु पुजारा, २३ वर्षीय लक्ष्मण भण्डारी र २५ वर्षीय हरिकृष्ण भट्ट रहेका छन् ।

सार्वजनिक गरिएको सूचीअनुसारका घाइते व्यक्तिहरूलाई सम्पर्क गर्न भनिएको उनले बताए । प्रजिअ पौडेलले भने, 'घाइते परिचयपत्र वितरणका लागि सूचीअनुसारका व्यक्तिलाई सम्पर्क गर्न भनेका छौँ । सम्बन्धित स्थानीय तह र प्रहरीले सूचीअनुसारकै व्यक्ति रहेको यकिन गरेपछि घाइते परिचयपत्र वितरण गर्छौं ।' गृह मन्त्रालयबाट प्राप्त सूची जिल्ला प्रशासन कार्यालयले यहाँका सबै स्थानीय तहहरूमा समेत पठाएको जनाएको छ ।रासस

# प्रदेश र स्थानीय तहको अनुदान हस्तान्तरण नहुँदा बजेट प्रभावित

**काठमाडौँ ।**
सङ्घ सरकारले प्रदेश र स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई वार्षिक बजेटमार्फत् छुट्याउने विभिन्न शीर्षकको अनुदान रकम आर्थिक वर्षको बीचमा कटौती हुँदा समग्र बजेट कार्यान्वयन भएको देखिएको छ ।

गत असोज ३० गते राष्ट्रपतिसमक्ष पेस भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौँ वार्षिक प्रतिवेदनअनुसार आयोगको सिफारिस बमोजिम अनुदान नछुट्याइएको मात्र नभइ तल्लो तहमा पठाउने भनेर तोकिएको रकमसमेत आंशिक रुपमा हस्तान्तरण हुने गरेको देखिएको हो । यस्तो प्रवृत्तिले बजेट कार्यान्वयनमा समस्या देखिएको आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

'आयोगले आर्थिक वर्ष २०८१–८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई ६० अर्ब रुपैयाँ र स्थानीय सरकारलाई ८८ अर्ब रुपैयाँ हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम विनियोजन भए तापनि प्रदेश सरकारलाई विनियोजनको ९१ दशमलव ७६ प्रतिशत र स्थानीय सरकारलाई ९१ दशमलव ७४ प्रतिशत हस्तान्तरण भएको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'सिफारिस र बजेट विनियोजन बमोजिमको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ ।'

सङ्घ सरकारबाट मात्र नभइ केही प्रदेशहरुलेसमेत स्थानीय तहलाई छुट्याएको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगरेको प्रतिवेदनमा उल्लेख छ । गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशले ९९ दशमलव ७५ र कर्णालीले ९८ दशमलव ९१ प्रतिशत मात्र हस्तान्तरण गरेको देखिन्छ ।

वित्तीय समानीकरण अनुदानतर्फ गतवर्ष यी दुई प्रदेशले समान ९५ करोड विनियोजन गरेका थिए । यी दुई प्रदेशले विनियोजन बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगर्नुको वस्तुनिष्ठ आधार र कारण खुलाउन नसकेको आयोगको प्रतिवेदनमा जनाइएको छ ।

त्यस्तै, सशर्त अनुदानतर्फ भने सङ्घ सरकार र प्रदेशले आयोगलाई तथ्याङ्क नै उपलब्ध नगराएको पनि प्रतिवेदनमा उल्लेख छ । 'आयोगले अघिल्ला आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरेको आधार बमोजिम हस्तान्तरण भए नभएको सम्बन्धमा तथ्याङ्क उपलब्ध नभएकाले विश्लेषण गर्न सकिएन,' वार्षिक प्रतिवेदनमा भनिएको छ ।

केही स्थानीय तहहरुले नगर विकास कोषबाट ऋण लिँदा कानुनको परिपालना नगरेको पनि आयोगले औँल्याएको छ ।

गत आर्थिक वर्ष २०८१–८२ मा १६ वटा पालिकाले नगर विकास कोषबाट ३७ करोड १९ लाख ३६ हजार रुपैयाँ बराबर ऋण लिएका थिए ।

जसमध्ये केही स्थानीय सरकारले वार्षिक बजेटमा आन्तरिक ऋणको अनुमान नै नगरीकन ऋण उठाएको तथा केही पालिकाले आयोगले सिफारिस गरेको सीमाभन्दा बढी ऋण उठाएको देखिएको आयोगले वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ ।रासस

# गैर आवासीय नेपाली लगानीकर्तालाई समेट्न जोड

**काठमाडौँ ।**
नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेडले लगानीका दायरा विस्तार गर्ने सरकारी, राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा गैरसरकारी कोषसँग सार्वजनिक–निजी साझेदारीमार्फत सहकार्य गर्दै ठूला र रोजगारमुलक आयोजनामा लगानी गर्ने निर्णय गरेको छ ।

कम्पनीको शनिवार सम्पन्न पहिलो वार्षिक साधारणसभाले सम्भाव्यता देखिएका जलविद्युत्, पर्यटन, सूचना प्रविधि जस्ता ठूला सहरी परियोजनाका अतिरिक्त कृषि, घरेलु, साना तथा मझौला उद्योगमा लगानी विस्तार गरी ग्रामीण क्षेत्रमा रोजगारी सृजना गर्ने, एनडिपी भेञ्चर तथा एनडिपी डेभलपर नामका छुट्टै संरचना खडा गरी पिइभीसी तथा सहरी पूर्वाधार तथा आवास क्षेत्रमा लगानी गर्ने निर्णय गरेको छ । साधारणसभामा कम्पनीको प्रथम वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै कम्पनीका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष ढकालले कम्पनीले आफ्नो लगानीलाई व्यवस्थित र सुरक्षित बनाउन विभिन्न प्रणालीहरुको विकास गरी लगानी विविधीकरण र जोखिम व्यवस्थापनका विभिन्न प्रयासहरु गरेको बताए ।

उनले अहिलेको विशिष्ट परिस्थितिमा व्यवसायीहरुको मनोबल खस्किएको र थप लगानीका लागि तयार हुन समय लाग्न सक्ने भएकोले राज्यले व्यवसायी र व्यवसायको सुरक्षाको प्रत्याभूति गरी लगानीको वातावरण बनाउन जरुरी भएको उल्लेख गरे ।

अध्यक्ष ढकालले शिथिल अर्थतन्त्रलाई लयमा ल्याउन, उत्पादन तथा रोजगारी बढाउन र समग्र उद्यमी व्यवसायीहरुको मनोबल बढाउँदै मुलुकलाई आर्थिक विकास र सम्मृद्धिका यात्रामा अघि बढाउन यस लगानी कम्पनीले विशेष भूमिका खेल्न सक्ने भनाइ राखे ।

'अहिले मुलुकको अर्थतन्त्र विशिष्ट अवस्थाबाट गुज्रिएको छ । बजारमा मागमा भएको कमीले आर्थिक गतिविधिहरु सुस्ताएका छन् । व्यवसायीहरुमा थप र नयाँ लगानी गर्ने आँट र मनोबल खस्किँदो छ । यस्तो बेलामा हामीले यस लगानी कम्पनीमार्फत ठूला र रणनैतिक उद्योग– व्यवसायमा लगानी गर्दै मुलुकको अर्थतन्त्र लयमा ल्याउन, आर्थिक गतिविधिलाई अघि बढाउन, रोजगारी सृजना गर्न सक्छौ,' अध्यक्ष ढकालले भने ।

अध्यक्ष ढकालले यस लगानी कम्पनीमा स्वदेश तथा विदेशमा रहेका नेपालीहरुबाट व्यापक चासो व्यक्त भएको बताए । 'म हालै आईएमएफको एउटा कार्यक्रममा भाग लिन संयुक्त राज्य अमेरिका पुगेको थिए । त्यहाँ मसँगको भेटमा त्यहाँ रहेका नेपालीहरुको नेपालको अहिलेको अवस्था, लगानी सम्भावना र यस लगानी कम्पनीको बारेमा धेरै चासो राख्नुभएको थियो । यस अघि पनि विभिन्न देशमा पुग्दा धेरै नेपालीहरुले यस कम्पनीका बारेमा चासो राख्नुभएको छ । हामीले लगानीका लागि राम्रा परियोजनाहरु पहिल्याउँदै जानुपर्छ । धेरै स्वदेसी लगानीकर्ता तथा गैर आवासीय नेपालीहरुले यसमा लगानी गर्न तयार हुनुहुन्छ,' उनले भने ।

साथै, उनले यस कम्पनीले स्वदेस तथा विदेशमा रहेका व्यवसायी तथा लगानीकर्ताहरुलाई नेपालमा उद्योग–व्यवसाय स्थापना, सञ्चालन तथा विस्तार गर्नका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने, रुग्ण तथा समस्याग्रस्त उद्योग व्यवसायहरुको पुनर्उत्थान र प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने परियोजनाहरुलाई आवश्यक परामर्श सेवा उपलब्ध गराइने बताए ।

अध्यक्ष ढकालले कम्पनीमार्फत लगानी गरी मुलुकको आर्थिक सम्मृद्धि र विकासमा साझेदारी गर्न सबै उद्योगी, व्यवसायी तथा गैर आवासीय नेपालीहरुलाई आग्रह समेत गरे ।

एक वर्ष अघि स्थापना गरिएको यस कम्पनीको कूल पुँजी १० अर्ब रुपैयाँ रहेको छ । हाल यस कम्पनीमा ४६ जिल्लाका २४६ जना शेयरधनी रहेका छन् ।

यो कम्पनी छरिएर रहेको पुँजी एकत्रित गरी उत्पादन वृद्धि तथा रोजगारी सृजना गर्न मुलुकका ७७ वटै जिल्लामा रहेका सानादेखि ठूला उद्यमी–व्यवसायी तथा गैर आवासीय नेपालीहरुको समेत लगानीमा स्थापना गरिएको हो ।

बागलुङको ढोरपाटनमा सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको बैठकले देशभर छरिएर रहेका उद्यमी व्यवसायीहरुलाई समेटी राष्ट्रियस्तरको लगानी कम्पनी स्थापना गर्ने र यसको माध्यमबाट देशमा एक सबल, सक्षम र सहभागितामुलक इक्यूटी बजारको विस्तार गर्ने प्रस्ताव अघि सारेको थियो ।

जसअनुसार, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल च्याम्बर अफ कमर्स, गैर आवारीय नेपाली संघ र यिनमा आवद्ध सदस्यहरुलाई संलग्न गरी यो कम्पनी स्थापना गरिएको हो ।रासस

# गोठाला बेँसी झरेपछि भल्कोटमा बढ्यो चहलपहल



**बागलुङ ।**
यति बेला बागलुङको निसीखोला गाउँपालिका–६ भिबाङमा बारीभरि चर्दै गरेका गाईगोरु, भैँसी र सेताम्य भेडाका भेटिन्छन् । छेउमै बसेर गन्थनमन्थन गर्दै हुन्छन् गोठाला । करिब चार महिना लेकमा बसेर आएका गोठाला गाउँघरका आफन्तसँग भेटा हुँदै निकै खुसी छन् । लेकबाट गोठ झारेपछि भल्कोट क्षेत्रमा गोठाला र बस्तुभाउको चलहपलह बढेको छ ।

गाई, भैँसी, भेडा र बाख्राले भल्कोटका बारी तथा खर्कहरू ढाकिएका छन् । हरेक वर्ष जेठ–असारमा लेक चढ्ने र असोजमा बँसी झर्ने स्थानीयको परम्पराअनुसार यस वर्ष पनि गोठाला बैँसी झरेपछि भल्कोटमा चहलपहल बढेको हो । एकै परिवारले सयौँको संख्यामा बस्तुभाउ पाल्ने हुँदा गोठाला गुमती बसाइँ बस्छन् ।

बर्खाभरी लेक क्षेत्र बागलुङ, रोल्पा र पूर्वी रुकुमको सिमाना पातिहाल्ने, रिग, तिलाचन, खानीखोला क्षेत्रमा बसेका गोठलाहरू अहिले बैँसी क्षेत्र भर्कोबाङ, भल्कोट, मोराखोला, भिबाङलगायतका क्षेत्रमा छन् । अब यी क्षेत्रमा गहुँ, जौँ छरेपछि खर्चन र गुम भन्ने ठाउँमा जाने स्थानीय मनबहादुर बोहराले बताए ।

गोठालाहरू शुरुमा लेकबाट भर्कोबाङमा झर्ने र त्यहाँ गहुँ, जौँ छरेपछि विस्तारै अन्य ठाउँमा जाने उनको भनाइ छ । अबको करिब १५ दिन भल्कोट क्षेत्रमा बस्ने र त्यसपछि गुम, खर्चनलगायतका ठाउँमा गोठ सार्ने बोहराले बताए ।

'यो त हाम्रो परम्पराजस्तै हो, यति धेरै सम्पत्ति एकै ठाउँमा पाल्न सकिँदैन, बर्खामा लेक, हिउँदमा बैँसी गरेर पाल्नुपर्छ, हाम्रो पाकापुर्खाहरूले त्यही गरे, हामीहरूले पनि त्यही नै गर्दै आएका छौँ, तर पछिल्लो समय पहिलेको जस्तो अवस्था छैन,' बोहराले भने, 'अहिले त धेरैले बस्तुभाउ पाल्न कम गरेका छन्, पहिले–पहिले त एउटै घरमा पाँच–सात सय डिङ (बस्तुभाउ) हुन्थे, अहिले त धेरै कम भएका छन् ।'

स्थानीय ढालेन्द्र घर्ती मगरले आफूहरू असोज तेस्रो साता मात्रै बैँसी झरेको सुनाए । भल्कोटका बारीमा गहुँ छरेपछि बस्तुभाउलाई अन्तै लैजाने उनको भनाइ छ । लेकमा बस्दा धेरै गोठालाहरूले एकै ठाउँमा भेडाबाख्रा र गाईभैँसी राख्ने गरेको भन्दै बँसी झरेपछि छुट्टै बाँध्ने उनले बताए । बँ्सीमा आ–आफ्नो बारीमा बाँध्ने हुँदा बारीभरि बस्तुभाउ देखिने घर्ती मगरको भनाइ छ । पहिले आफ्ना झण्डै १०० गाई गोरु रहेको भन्दै अहिले धेरै कम भएको उनले सुनाए ।

घर्ती मगरले भने, 'बस्तुभाउ पाल्ने धेरै गाह्रो छ, एकै ठाउँमा राखेर पाल्न सकिँदैन, वर्षभरि चरनका लागि ठाउँठाउँमा पुग्नुपर्छ, गोठ सार्ने, पशुचौपाया सार्ने, घाँस काट्नै प¥यो, पहिले हाम्रा अग्रजहरूलाई झन कति गाह्रो थियो होला ?, त्यस बेला त अहिलेको भन्दा धेरै पाल्थे, यहीबाट खान लाउन पुगे त हुन्थ्यो पुग्दैन, अरु दुःख पनि गर्नुपर्छ ।'

यस क्षेत्रका किसानले सयौँ पशुचौपाया पाल्दै आए पनि व्यावसायिक बन्न सकेका छैनन् । स्थानीय कुम्भीरा मगरले आफ्ना ५१ वटा गाई रहेको सुनाउँदै यसबाट जीविकोपार्जन हुन नसकेको बताए । घरमा पहिलेदेखि नै गाई पाल्दै आएको हुँदा आफूहरूले निरन्तरता दिँदै आएको बताए । गाई धेरै पाल्दा बारीमा मल हुने उनको भनाइ छ ।

वर्षमा २० हजार रुपैयाँको दूध, घ्यूसमेत बिक्री गर्न नसकेको मगरले सुनाए ।रासस

## आर्थिक अभावले...

परिवारलाई दिन नमानेको मृतकका भतिज रमेश यादवले बताए ।

'हामी गरीब छौँ, श्रीमती र अपांग छोरा मात्र छन् । खर्च तिर्न नसकेर शव तीन दिनदेखि फ्रिजमै राखिएको छ,' भतिज यादवले भावुक हुँदै भने । इलाका प्रहरी कार्यालय पोखरियाले ठक्कर दिने मोटरसाइकल चालक फरार रहेको र उनको खोजी तीव्र रूपमा जारी रहेको जनाएको छ । अस्पतालका प्रशासन शाखा प्रमुख विष्णु पटेलका अनुसार कानूनीरूपमा उपचार खर्च परिवारले बेहोर्ने मन्जुरीनामा भएपछि मात्रै उपचार गरिएको थियो । 'उपचार खर्च नतिर्दासम्म शव फिर्ता दिन सकिँदैन," उनले भने । अहिरका परिवारजनले चालकलाई तत्काल पक्राउ गरी उपचार खर्च र क्षतिपूर्तिको व्यवस्था गर्न प्रहरी प्रशासनसँग माग गरेका छन् ।

## सुशीला सरकारका कारण मुलुक...

आयोजना गरेको विशेष भेलामा साहले चुनाव गराउने मूल उद्देश्यप्रति जिम्मेवार हुन र सुशासन कायम गर्ने सवालमा गम्भीर बन्न प्रधानमन्त्री कार्कीलाई सुझाव दिए । तर, वर्तमान सरकारको चालामाला हेर्दा तोकिएकै मितिमा चुनाव हुनेमा आशंका पैदा भएको उनको टिप्पणी छ ।

सुशीला सरकारले जेन्जी आन्दोलनको मूल मर्ममाथि नै प्रहार गरेको भन्दै साहले पूरानै व्यवस्था र संविधानबाट देशले निकास नपाउने ठोकुवा गरे । उनले नेपाली जनताले अर्को निर्णायक हस्तक्षेपकारी संघर्ष गर्नुपर्ने आवश्यकता औंल्याए । उनले भने, 'यो सरकार जेन्जीहरुको भावनामाथि खेलवाड गर्दैछ, अहिलेसम्म आन्दोलनमा दमन गर्नेहरुमाथि कारबाही गर्न सकेको छैन । उल्टै आन्दोलनमा भाग लिएकाहरुलाई धरपकड गरिराखेको छ ।'

सरकारले आफ्नो राष्ट्रिय सम्पत्ति (सार्वजनिक संस्था) मा कति क्षति भयो भनेर पनि तथ्य जनतासामु पेश गर्न नसकेको उनको आरोप छ । उनले भने, 'सिंहदरबार जल्यो, संसद् भवन खरानी भएको छ, सर्वोच्च अदालत जलेको छ, सार्वजनिक सम्पत्तिमा कति क्षति भयो भनेर पनि यो सरकारले अहिलेसम्म जनतासामु भन्नसकेको छैन, सरकार बनेको पनि डेढ महिना व्यतीत भइसक्यो ।'

सरकारले चुनावको लागि भयरहित वातावरण बनाउनुपर्नेमा उल्टै भय थप्ने काम गरेको र नागरिक अहिले सुरक्षाको प्रत्याभूतिको खोजीमा रहेको साहको टिप्पणी छ । उनले भने, 'आन्दोलनमा सुरक्षाकर्मीबाट लुटिएका स्वचालितसहित विभिन्न आधुनिक हतियार अहिलेसम्म फिर्ता ल्याउन सकेको छैन, कति लुटिएका छन्, कति फिर्ता आए ? भनेर पनि भन्न सकेको छैन । गम्भीर अपराधमा संलग्न कैदीबन्दी हजारौँको संख्यामा फरार छन्, प्रहरीको मनोबल पूरा खस्किएको छ, अनि यो सरकारले अहिलेसम्म शान्ति, सुरक्षाको प्रबन्ध गर्न सकिरहेको छैन, अनि कसरी तोकिएको मितिमा निर्वाचन हुन्छ ? शंका गर्ने प्रशस्त आधार र कारण छन्, तर चुनाव गराउँदिन, सत्ता लब्याउँछु भनेर यदि सरकारमा भएकाहरुले सोचेका हुन् भने जनताले घोक्रेठ्याक लगाउँछन्, कान समातेर भएपनि तिमीलाई चुनाव गराउने दायित्वबाट विमुख हुन दिँदैनौँ ।'

भदौ २३ र भदौ २४ गतेको घटनाको अध्ययन गर्न गठित जाँचबुझ आयोगका पदाधिकारी नै असुरक्षित हुन थालेको र जाँचबुझको लागि जिल्ला भ्रमणमा जाँदा एमालेका नेताले धम्की दिएका भिडिओ आउन थालेको भन्दै सरकार निरीह बनेको उनको आरोप छ । उनले भने, 'यत्रो नरसंहारकारी घट्ना भयो, होनाहार युवालाई छाति र टाउकोमा ताकिताकी ओली सरकारले गोली हानेर मारेको छ, अनि जाँचबुझ आयोगले छानबिन गर्दा अवरोध हुन्छ, अहिलेसम्म घटना संलग्नको बयानसमेत लिनसकेको छैन, अनि कसरी यो सरकारले न्याय दिन्छ ? चुनाव गराउँछ ?' सरकारले जाँचबुझ आयोगका पदाधिकारीलाई पहिला सुरक्षाको उचित प्रबन्ध र प्रत्याभूति दिलाउनुपर्ने पनि साहको माग छ ।

चुनावी सरकारले पाँच वर्षको म्यान्डेट लिएर आएको सरकारझैँ वैदेशिक सम्बन्धमा नै खलल पुर्याउनेगरी बिनाकारण विभिन्न देशका राजदूत फिर्ता बोलाएको साहको आरोप छ । उनले भने, 'चुनाव गराउने सरकारले राजदूत फिर्ता बोलाउने, अनि ती देशमा तत्कालै राजदूत नियुक्त गरेर नपठाउने काम गर्न मिल्छ ? यो त वैदेशिक सम्बन्धलाई शून्यतामा झार्ने कदमको सुरुवात भएन र ?' सुशासन कायम गर्ने सवालमा समेत सरकार गम्भीर रुपमा चुकेको उनको आरोप छ ।

सरकार बनेको आज यतिका दिन व्यतित हुँदासमेत सुशासनको प्रत्याभूति दिलाउनेतर्फ सरकारको कदम नदेखिएको उनको भनाई छ । विकास निर्माणको काममा समेत सरकारले ध्यान नदिएको उनको गुनासो छ । केही पनि काम नगर्ने हो भने किन चाहियो सरकार ? भन्ने उनको प्रश्न थियो ।

## जानकी मन्दिरको...

युवाले शुरुदेखि नै निर्माणमा प्रयोग भएका सामग्रीको गुणस्तरबारे आपत्ति जनाउँदै विरोध प्रदर्शन गरेका थिए । तर विरोधका बाबजुद पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका इन्जिनियर भगवान झाले काम सम्पन्न भएको घोषणा गरेका थिए ।

जानकी मन्दिरका महन्थ रामरोशन दासले ठेकेदारले सम्झौताविपरीत १४ एमएम मात्र मोटाइका, गुणस्तरहीन सेता मार्बल जडान गरेको बताए । उनका अनुसार, मन्दिरको मौलिकता जोगाउने सहमति भए पनि त्यसअनुसार काम नभएको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले मन्दिरको स्थलगत अनुगमन गर्दै फुटेका टायल तत्काल मर्मत गर्नुपर्ने बताए । नगर इन्जिनियर र निर्माण टोलीले क्षतिग्रस्त क्षेत्रमा मर्मत योजना तयार गरिरहेका छन् । तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यो विषयमा अनुसन्धान शुरु गरिसकेको र अनुसन्धान नसकिँदासम्म मन्दिरमा कुनै परिवर्तन नगर्न निर्देशन दिएको जनाइएको छ । विवाह पञ्चमी नजिकिँदै गर्दा मन्दिर परिसरमा फुटेका टायलले भक्तजनमा नराम्रो प्रभाव पार्ने भन्दै स्थानीयले छिटो सुधारको माग गरेका छन् ।

## सम्पादकीय

# बेमौसमी वर्षाले धानमा पुगेको क्षति

यो वर्ष किसानको कर्मै खोटो भनौँ न । जतिखेर धान रोप्ने बेला भयो, पानी परे । जब धानि रोपयो, मल पाइएन ।

अनि जसोतसो फलेको धान भित्र्याउने र नयाँ बाली रोप्ने बेला भयो, बेमौसमी वर्षाले धानबालीमा क्षति पुग्यो, अर्को फसल रोप्न पनि रोकिनु परेको छ । बुधबारदेखि देखिएको बेमौसमी वर्षाले देश र मधेशभरका किसानलाई परेको समस्या यही हो । बाली स्याहार्ने समयमा वर्षा भएपछि ठूलो क्षति भएको छ, वर्षाले धान मात्रै होइन किसानको मेहनत पनि बगाएको छ । घाम नलाग्दा करिब २५ प्रतिशत धानमा टुसा उम्रिने र कुहिने अवस्था पुगेको छ । धान भित्र्याउने र नयाँ बाली रोप्ने समयमा परेको बेमौसमी वर्षाले किसान चिन्तित बन्नु परेको हो ।

धान भित्र्याउने र ठाउँ अनुसार, तरकारी, दलहन, मकै, गहुँ रोप्ने तयारीमा किसान थिए । वर्षाले तत्काल अर्को बाली लगाउन पनि सम्भव देखिएको छैन । माटोमा पानी जति रह्यो, बीउ राख्न ढिला हुन्छ । बेमौसमी वर्षाले पुर्याएको क्षतिको विवरण संकलन पनि भइरहेको छैन । खेत भिजेका कारण कम्बाइन मेसिन चलाउन पनि सकिएको छैन ।

नयाँ सिजनको तयारीस्वरूप रोपिएका तरकारीका बिउ पनि पानीमा डुबेर बिग्रिने खतरा छ । किसानले करिब २५ प्रतिशतसम्म क्षति हुने अनुमान गरेका छन् । राज्यका तर्फबाट क्षतिको अनुमान नै भएको छैन । कम चिस्यान भएका खेतका लागि यो वर्ष केही हदसम्म फाइदाजनक भए पनि काट्ने अन्तिम चरणमा रहेका धानबालीमा आंशिक क्षति पुगेको सरकारी भनाइ छ । हरेक वर्ष बेमौसमी वर्षा, धान रोप्ने बेला मलको अभाव र उत्पादनको उचित बजार मूल्य नपाउँदा किसानमा चिन्ता बढेको छ ।

# पत्याउनु हुन्छ, कुकुरले नटोक्दै रेबिज भएर सालिन्दा एकसय मर्छन्



**मेनुका लम्साल**

*रेबिजबाट मृत्यु हुनेको संख्या ग्रामीण क्षेत्रमा धेरै छ । जनचेतनाको कमीले गर्दा कुकुरले टोकिसकेपछि वा भाइरसको संसर्गमा आएपछि उपचारमा नजानु नै मृत्युको कारण बन्ने गरेको छ ।*

संघीय राजधानी काठमाडौँ नजिकै धादिङको बेनीघाट रोराङ गाँउपालिकामा तीन महिनाभित्र रेबिज लागेर तीन जनाको मृत्यु भयो । तीमध्ये बेनीघाट रोराङ–६ बुङपुङका ५२ वर्षीय लालबहादुर प्रजा चेपाङ र ७२ वर्षीय कान्छीमाया चेपाङको एक महिनाको अन्तरालमा मृत्यु भएको हो । रेबिजको लक्षण देखा परेपछि उपचारका लागि काठमाडौँ ल्याउने क्रममा कान्छीमायाको जेठ २७ गते मृत्यु भएको थियो । साउन ७ गते बेनीघाट आधारभूत अस्पताल लगिएका लालबहादुरको पनि थप उपचारको लागि काठमाडौँ ल्याउने क्रममै भोलिपल्ट बाटोमै मृत्यु भएको वडा अध्यक्ष टेकनाथ सिलवालले बताए ।

सिलवालका अनुसार, लालबहादुर र कान्छीमाया छिमेकी हुन् । रेबिजको लक्षण देखा परेको भए पनि उनीहरूलाई कुकुरले टोकेको थिएन । 'उहाँहरूको घर एकअर्काबाट २०० मिटरको मात्रै दूरीमा छ । उहाँहरूको उठबस नै कुकुरसँग हुन्छ । कुकुर या अन्य जनावरले टोकेको इतिहास भेटिएन । त्यसैले कुकुरको ¥यालबाट सरेको हुनसक्ने हाम्रो आशंका हो,' उनले भने ।

उक्त घटनापछि शंकास्पद कुकुरलाई गाँउपालिकाले उपचारका लागि लगेको छ । कुकुरको संसर्गमा रहेका समुदायका बालबालिकालगायत अन्य व्यक्ति र पशुलाई समेत रेबिजविरुद्धको खोप लगाइएको छ । विगत दुई वर्षयता वडाका कुकुरलाई रेबिजविरुद्धको खोप लगाइएको भए पनि छुटेको हुनसक्ने सिलवालको भनाइ छ ।

रोराङ गाँउपालिकाकै वडा नं २ चोतेशका २२ वर्षीय शीतल चेपाङको पनि गत असार ३१ गते मृत्यु भयो । रेबिजको लक्षण देखा परेपछि आधारभूत अस्पताल लगिएको थियो । अस्पतालले नै उनलाई रेबिज भएको पुष्टि गरेको थियो ।

त्यसपछि थप उपचारको लागि काठमाडौँ लाने तयारी गर्दै गर्दा बाटोमै उनको मृत्यु भएको वडासचिव सरस्वती विकले बताइन् । उनका अनुसार शीतललाई पनि कुनै जनावरले टोकेको इतिहास छैन । यद्यपि, उनी कुकुरको बढी संसर्गमा आउने गर्थे ।

उनको मृत्यु भएको करिब २० दिनअघि मात्रै शीतलसँग नजिकिने कुकुरको मृत्यु भएको थियो । त्यसैले पनि कुकुरबाटै रेबिज सरेको आशंका गरिएको विक बताउँछिन् । 'एक्कासि लक्षणहरू देखिए, उपचार गर्ने मौका नै भएन,' उनले भनिन्, 'टोकेको भए खोप लगाउन सकिन्थ्यो । न त टोकेको छ, न चिथोरेको छ ।'

उक्त घटनापछि यो वडाले पनि आशंका लागेका मानिसहरूलाई रेबिज विरुद्धको खोप दिएको उनले बताइन् । यस्तै, गएको वैशाख अन्तिममा चितवनको इच्छाकामना गाउँपालिका वडा नं २ का मीनबहादुर प्रजालाई कुकुरले टोकेपछि रेबिज लागेर मृत्यु भएको थियो । वडाध्यक्ष पञ्चबहादुर प्रजाका अनुसार, कुकुरले टोकेको करिब एक महिनापछि मीनबहादुरमा लक्षण देखिएको थियो । गाँउकै पाल्तु कुकुरले उनलाई टोकेको थियो ।

स्थानीयले अस्पताल जान र खोप लगाउन सुझाएका थिए । तर उनले समस्या नहुने भन्दै बेवास्ता गरेका थिए । 'पछि कुकुरले टोकेको भाग सुन्निन, दुख्न थाल्यो । श्वास प्रश्वासमा समस्या हुन थाल्यो । उपचारका लागि भरतपुर अस्पताल लगेको भोलिपल्ट नै मृत्यु भयो,' वडाध्यक्ष पञ्चबहादुरले भने । त्यसयता वडामा रेबिजविरुद्ध तीव्ररुपमा जनचेतना फैलाइएको उनले बताए ।

यी ठाउँमा मात्र होइन, नेपालभर रेबिज नियन्त्रण चुनौतीपूर्ण बनिरहेको छ । विभिन्न अध्ययन प्रतिवेदनअनुसार, नेपालमा हरेक वर्ष जनावरको टोकाइका लाखौँ घटना हुन्छ, जसमा १०० भन्दा बढी मानिसको मृत्यु हुने सरकारी तथ्यांकले देखाउँछ ।

नेपालमा हरेक वर्ष एक लाखभन्दा बढी मानिस जनावरको टोकाइको शिकार बन्छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकअनुसार, आर्थिक वर्ष २०७९–८० मा एक लाख १९ हजार ३९२ जनालाई जनावरले टोकेको थियो । यस्तै, २०८०–८१ मा दुई लाख १० हजार ३०१ र २०८१–८२ मा एक लाख ८६ हजार ७५२ जनालाई जनावरले टोकेको थियो । यीमध्ये, ९६ प्रतिशतलाई कुकुरले टोकेको हो ।

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालमा दैनिक २०० को हाराहारीमा रेबिजविरुद्धको खोप लगाउन आउने गरेको ओपीडी इन्चार्ज शंकर पाण्डे बताउँछन् । पाण्डेका अनुसार, अस्पताल आउनेहरूमा अधिकांश काठमाडौँ उपत्यकाका छन् ।

त्यससँगै छिमेकी जिल्लाका थोरै संख्यामा आउने गरेको उनले बताए । 'काठमाडौँ उपत्यकाभित्र यति धेरै सचेत भएका छन् कि खोप नलगाउनु पर्नेहरू पनि आउँछन् । कुकुरलाई रेबिज खोप लगाएको, स्वस्थ कुकुरले चिथोर्यो वा टोक्यो भने पनि अस्पताल आइहाल्छन्,' उनले भने ।

अस्पतालमा रेबिज लागेर मर्नेको संख्या पनि ठूलै छ । अस्पतालको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८–७९ मा अस्पतालभित्र सात जना, २०७९–८० मा पाँच जना, २०८०–८१ मा १७ जना, २०८१–८२ मा ११ र चालु आवको पहिलो दुई महिनामा चार जनाको मृत्यु भएको छ ।

**ग्रामीण क्षेत्रमा रेबिजको कहर**

काठमाडौँ उपत्यकामा यतिधेरै सचेत भएको बताइहँदा वार्षिक रूपमा देशभर करिब १०० जनाले रेबिजका कारण ज्यान गुमाउने मन्त्रालय नै बताउँछ । इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको संक्रामक तथा रोग नियन्त्रण विभागका पशु चिकित्सक अधिकृत विहारी महतोका अनुसार अस्पतालसम्म नआएका वा पहिचान नै नभएकाहरूको संख्या ठूलो हुनसक्छ ।

'शहरी क्षेत्रमा भन्दा पनि ग्रामीण क्षेत्रमा रेबिजको प्रभाव रहेकोले धेरै मान्छेको मृत्यु हुन्छ, जुन सबै रिपोर्ट हुँदैनन् । त्यसैले तथ्यांकभन्दा धेरैको मृत्यु भएको हुन सक्छ,' उनले भने ।

दुर्गम क्षेत्रमा जनचेतनाको कमी प्रमुख चुनौती रहेको उनले बताए । कतिपयले भने जानाजान बेवास्ता गर्ने गरेको पनि उनको भनाइ छ । यस्तै, कुकुरले टोकेमा परम्परागत उपचार गर्ने कारणसमेत रेबिज लागिरहेको छ । यसलाई कम गर्न स्थानीय तहहरूले जनचेतना फैलाउन पहल गर्नुपर्ने उनले बताए ।

मन्त्रालयको खोप व्यवस्थापन शाखाले खोपहरू खपत भइरहेको र अभाव नरहेको जनाएको छ । आर्थिक वर्ष २०८०–८१ मा ०.५ एमएलको खोप एक लाख ३० हजार र १ एमएलको एक लाख ७० हजार भायल खरिद गरिएको छ । जसमा ०.५ एमएल १० हजार ७ सय २० भायल र १ एमएल २३ हजार २३८ भायल बाँकी छ । यस्तै, २०८१–८२ मा १७ हजार ४०९ र १ एमएलको ९० हजार भायल खरिद भएको छ । ती सबै प्रदेशगत स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई पठाइसकिएको छ ।

**रेबिजबाटको मृत्यु शून्यमा झार्ने तयारी**

नेपालले विश्व स्वास्थ्य संगठनको विश्व लक्ष्यसँग मिलेर सन् २०३० सम्म कुकुरबाट सर्ने मानव रेबिजका मृत्युदरलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । राष्ट्रिय रेबिज निर्मूल रणनीतिअनुसार, एक स्वास्थ्य (वान हेल्थ) दृष्टिकोणबाट काम भएको महाशाखा प्रमुख चन्द्रभाल झा बताउँछन् । यसमा मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणीय स्वास्थ्यलाई मिलाएर काम गरिने उनको भनाइ छ ।

यस कार्यक्रमअन्तर्गत सरकारले प्रभावित क्षेत्रहरूमा खोप अभियान, जनचेतना र पशु रोगमा निगरानीहरूको काम गरिरहेको छ । 'सरकारले रणनीतिअनुसार रेबिज नियन्त्रणका लागि काम शुरू गरेको छ । हाम्रो लक्ष्यअनुरूप काम हुनेमा विश्वस्त छौँ,' झाले भने ।

**के हो रेबिज, कसरी सर्छ ?**

रेबिज संक्रामक रोग हो, जुन प्रायः कुकुर, बाँदर, भालु र अन्य जनावरबाट मानिसमा सर्न सक्छ । यो रोगले मस्तिष्कमा असर गर्छ । विश्व स्वास्थ्य संगठनका अनुसार यो रोग १५० भन्दा बढी देश र क्षेत्रहरूमा रहे पनि एशिया र अफ्रिकामा यसको दर धेरै छ । विश्वव्यापी रूपमा हरेक वर्ष यसका कारण लाखौँ मानिसको मृत्यु हुन्छ, जसमा करिब ४० प्रतिशत १५ वर्षमुनिका बालबालिका रहने आँकडा छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसेका अनुसार, कुनै पनि जनावरमा रेबिज रोग लागेपछि त्यसको टोकाइ वा चिथोराइबाट रेबिजका जिवाणुहरू मानिसको शरीरमा सजिलै प्रवेश गर्छन् । रेबिज सर्नका लागि जनावरले टोक्नैपर्छ भन्ने छैन । जनावरको ¥यालबाट पनि सर्न सक्छ । "भाइरस हाम्रो शरीरभित्र पसेपछि यो रोग सर्छ । त्यो रगत या अन्य कुनै पनि माध्यमबाट हुनसक्छ," डा. शर्मा भन्छन्, "भाइरसले केन्द्रीय स्नायु प्रणालीमा प्रवेश गर्यो र लक्षण देखा पर्यो भने रेबिजबाट बच्ने सम्भावना रहँदैन ।"

कोही पनि जनावरको टोकाइ वा भाइरसको संसर्गमा आएको एकदेखि तीन महिनासम्ममा लक्षणहरू देखा पर्न थाल्छ । यो रोग लागेमा पानी र हावासँग पनि डराउने लक्षण देखिन्छ । कसैलाई एक हप्तादेखि एक वर्षपछि पनि लक्षण देखिन्छ ।

"शुरूमा ज्वरो, घाउमा चिलाउने वा झमझमाउने र दुख्ने जस्ता सामान्य लक्षण देखिन्छ । त्यसपछि भने उत्तेजित हुने, सन्तुलन बिग्रने, पानी र हावाबाट डर लाग्ने लक्षण देखिने गर्छ," डा. शर्मा भन्छन् ।

रेबिज हुन नदिन सकेसम्म कुकुरको टोकाइबाट बच्न र त्यस्ता जनावरसँगको प्रत्यक्ष सम्पर्कमा आएपछि राम्रोसँग साबुनपानीले हात धुन उनी सुझाउँछन् । टोकीहालेमा घाउ राम्ररी पानीले सफा गर्न र नजिकको अस्पताल गएर रेबिजविरुद्धको खोप लगाउन डा. शर्माको सुझाव छ । उकालो

# ज्ञान, विज्ञान, धर्म र मानवताको सङ्गमस्थल उत्तरबाहिनी

**बासुदेव पौडेल**

गण्डकी र लुम्बिनी प्रदेशको सिमानास्थित स्याङ्जाको गल्याङ नगरपालिका–१ र पाल्पाको रम्भा गाउँपालिका–१ को सङ्गमस्थल उत्तरबाहिनी क्षेत्रलाई ज्ञान, विज्ञान, धर्म र मानवताको सङ्गमस्थलका रुपमा विकास गर्ने उद्देश्यअनुरुप काम अघि बढाइएको छ ।

कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानको सक्रियतामा यहाँको प्रवद्र्धन र विकासमा निरन्तर पहल बढाइएको हो । प्रतिष्ठानका अध्यक्ष आचार्य चैतन्यकृष्ण जी महाराजका अनुसार उत्तरबाहिनी क्षेत्र धार्मिक रुपमा विशिष्ट महत्वको क्षेत्र हो । उत्तरतर्फ फर्केको नदीलाई सर्वतीर्थका रुपमा लिइने उल्लेख गर्दै उनले यस क्षेत्रमा कालीगण्डकी उत्तर भएर बगेको हुनाले यस क्षेत्रलाई उत्तरबाहिनी भनिएको हो । उत्तरबाहिनीको दर्शन गर्दा पाप नाश हुने धार्मिक विश्वास रहेको उनले बताए । यस क्षेत्रको समग्र विकासका लागि प्रतिष्ठानले निरन्तर पहल गरिरहेको बताउँदै उनले यस पहलमा राज्यका विभिन्न निकायसँगै आम भक्तजनको निरन्तर साथ र सहयोग भएको जानकारी दिए । 'कालीगण्डकीको महिमाका साथै यस क्षेत्रको संरक्षण र विकासको लक्ष्यका साथ २०७२ सालमा कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठान संस्थागत रुपमा दर्ता गर्दै अघि बढाइएको हो,' उनले भने, 'त्यसयता प्रतिष्ठानको सक्रियतामा यस क्षेत्रमा ज्ञान विज्ञान महायज्ञसँगै विभिन्न पूर्वाधार निर्माणका काम सञ्चालन भैरहेका छन् ।'

प्रतिष्ठानले २०७३ असोज २७ गतेदेखि कात्तिक ७ गतेसम्म नेपाल महिमा एवम् गीता ज्ञान विज्ञान महायज्ञ सञ्चालन गरेको जानकारी दिदै उनले सो क्रममा २१ करोड दीप प्रज्वलन गरिएको बताए । महायज्ञमा एक करोड चार लाख रुपैयाँ सङ्कलन भई करिब ५५ लाख रुपैयाँ खर्च भएको थियो । बाँकी रकमबाट ४० रोपनी जग्गा खरिद गरिएको थियो । त्यस यता सोही जग्गामा विभिन्न किसिमका पूर्वाधार विकासका काम भइरहेका छन् । विसं २०७४ मा ५० लाख रुपैयाँ लागतमा एक हजार जना अट्ने सभाहल निर्माण गरिएको छ । प्रतिष्ठानले यस क्षेत्रमा प्राकृतिक चिकित्सालय सञ्चालन गरेको छ । यहाँ १२ वटा कोठाको प्राकृतिक चिकित्सालयको भवन निर्माण गरिएको छ । सङ्घीय बजेटबाट रु द्ुई करोड १२ लाखको लागतमा चिकित्सालय भवन निर्माण गरिएको हो । प्राकृतिक चिकित्सा, योग उपचारआदि सञ्चालन भइरहेको उक्त चिकित्सालय यही वर्ष वैशाखदेखि सञ्चालनमा आएको आचार्य चैतन्यकृष्णले जानकारी दिए ।

**मिनि मुक्तिनाथ धाम**

प्रतिष्ठानले यस क्षेत्रलाई मिनि मुक्तिनाथ धामका रुपमा विकास गर्नेगरी अघि बढेको छ । ती प्रयोजनका लागि २० फिट उचाइको भगवान् शिवको मूर्तिसहित १०८ धारा स्थापना भइसकेको छ । ती धाराबाट कालीगण्डकीको जल आउने गरी व्यवस्था मिलाइएको जानकारी दिँदै आचार्य चैतन्यकृष्णले हालसम्मका पूर्वाधार निर्माणका लागि करिब एक करोड रुपैयाँ खर्च भइसकेको र अन्य थप पूर्वाधार विकासमा रु एक करोड खर्च हुने अनुमान गरिएको जानकारी दिए । परिसरमा शंखद्वार, नृसिंह गुफालगायतका संरचना निर्माण गरिएको छ ।

**प्रतिष्ठानद्वारा गुरुकुल सञ्चालन**

प्रतिष्ठानले यस क्षेत्रकै कालीगण्डकी पारी रम्घा गाउँपालिका–१ पाल्पामा कालिगण्डकी गुरुकुल सञ्चालनमा ल्याएको छ । विसं २०७६ देखि कक्षा ६ देखि १० सम्म सञ्चालन भैरहेको सो गुरुकुलमा हाल ३७ जना विद्यार्थी अध्ययनरत छन् । गुरुकुलबाट दुई शैक्षिक सत्रका विद्यार्थीले एसइई दिइसकेका छन् । सुरुमा चार कोठासहित पठनपाठन सुरु गरिएको गुरुकुलमा रम्भा गाउँपालिकाले माथि थप द्ुई तला निर्माण सहयोग गरेको छ । प्रतिष्ठानले रेडियो जनकल्याण पनि सञ्चालन गरिरहेको र यसलाई रेडियो उत्तरबाहिनीका रुपमा सञ्चालन गर्ने योजना अघि सारेको छ ।

कालीगण्डकी महिमासँगै यस क्षेत्रको धार्मिक महत्वलाई उजागर गर्नका लागि प्रतिष्ठानले २०५९ सालदेखि निरन्तर दामोदर धार्मिक उत्सव सञ्चालन गर्दै आएको छ । यस वर्ष गत असोज ११ गतेदेखि यही कात्तिक १९ गतेसम्म उत्तरगण्डकी महामेला दामोदर धर्मोत्सव सञ्चालन भइरहेको छ । धर्मोत्सवका लागि हरिद्वारलगायतका नेपाल र भारतका विभिन्न स्थानहरूबाट प्रसिद्ध सन्तगुरुहरू सहभागी भएको आयोजकले जनाएको छ । महामेलामा सहभागी हुने भक्तजनलाई देवघाट, रुरुक्षेत्र, सेतीवेणी शीला, मुक्तिनाथलगायतका तीर्थस्थल दर्शनको व्यवस्था मिलाइएको अध्यक्ष चैतन्य कृष्णले बताए । महामेला अवधिभर तुलसीदल, गण्डकीजलद्वारा सवालाख शालग्राम भगवान्को अभिषेक पूजन, दीपदान तथा श्रृङ्गारिक गङ्गा आरती, विश्वविख्यात संत एवम् गुरुहरूद्वारा प्रवचन, उत्तरवाहिनी महास्नान, उत्तरवाहिनी पूजनलगायतका गतिविधि गरिँदै आइएको छ ।

महमामेलाकै अवसरमा राष्ट्रिय लोकभजन प्रतियोगिता, राष्ट्रिय वतृत्वकला प्रतियोगिता, धार्मिक तथा सांस्कृतिक हाजिरीजवाफ, निबन्ध लेखन, कविता प्रतियोगिता पनि सञ्चालन भइरहेको जनाइएको छ । महायज्ञमा हालसम्म करिब रु दुई लाख भक्तजन सहभागी भैसकेको र यहाँको समग्र विकासका लागि करिब दुई करोड रुपैयाँ दान सहयोग समेत प्राप्त भएको आचार्य चैतन्यकृष्णले जानकारी दिए । उनका अनुसार महायज्ञकै क्रममा १५ कोठासहित ध्यानकक्ष निर्माणका लागि रु पाँच करोड सहयोगको घोषणासमेत भइसकेको छ ।

**गण्डकी र लुम्बिनी प्रदेश सरकारको चासो**

उत्तरबाहिनी क्षेत्रको समग्र विकासका लागि गण्डकी र लुम्बिनी प्रदेश सरकारले चासो दिएका छन् । यसै क्षेत्रमा गत भदौ १६ गते गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यबीच सम्पन्न मुख्यमन्त्रीस्तरीय बैठक सम्पन्न भई दुवै प्रदेशको समग्र विकासमा साझा प्रयत्न गर्ने निर्णयसहित नौ बुँदे घोषणापत्र जारी गरिएको थियो । बैठकमा 'दामोदरकुण्ड कृष्णागण्डकी 'उत्तरवाहिनी'–लुम्बिनी मुक्तिमार्ग' विकासका लागि अवधारणा पत्र तयार गर्न दुवै प्रदेशको पर्यटन हेर्ने मन्त्रालयको समन्वयमा प्रक्रिया अघि बढाउने निर्णय गरिएको थियो ।

बैठकमा उत्तरबाहिनी क्षेत्रमा सञ्चालन हुने कात्तिक महास्नान तथा दामोदर धर्मोत्सव भव्य रूपमा सफल बनाउन प्रदेश सरकारबाट सहजीकरण गर्ने र स्थानीयस्तरमा सहजीकरणका लागि आ–आफ्नो प्रदेशका स्थानीय तहलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुरोध गर्ने निर्णय गरिएको थियो ।

त्यस्तै कालीगण्डकी तटीय क्षेत्रको समुन्नतिका लागि दुवै प्रदेशका योजना आयोगको समन्वयमा संयुक्त रुपमा कार्यान्वयन गर्न सकिने कार्यक्रम पहिचान गरी आगामी पुस मसान्तभित्र दुवै प्रदेश सरकारमा पेस गर्ने उल्लेख गरिएको थियो ।

यस्ता धार्मिक महत्वका स्थलको प्रवद्र्धन र विकासका लागि राज्यका साथै सबैको साथ र सहयोग अपरिहार्य हुने समाजसेवी एवम् उत्तरगण्डकी महामेलाको प्रचारप्रसार समिति गण्डकी प्रदेशका संयोजक चन्द्रकान्त बराललले बताए । धर्मोत्सवका माध्यमबाट नेपालका ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थहरूको पनि उजागर गर्ने लक्ष्य राखिएको प्रतिष्ठानका सहसचिव एवम् महामेला आयोजक समितिका सचिव विवेक बस्यालले बताए । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक रासससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# कांग्रेसमा फुटको कल्पना पनि गर्न आवश्यक छैन



**काठमाडौं ।** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टीभित्र मतभेद देखिए पनि त्यसका आधारमा फुटको सम्भावना नदेखिएको बताएका छन् । उनका अनुसार कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा विचारभिन्नता स्वाभाविक कुरा हो, तर त्यसले विभाजनको रूप लिने कल्पना गर्न पनि नपर्ने अवस्था छ ।

शनिबार सानेपास्थित पार्टी मुख्यालयमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै शर्माले भने, 'कांग्रेसमा फरक मत विगतमा पनि थियो, भविष्यमा पनि रहन्छ, तर त्यसकै आधारमा फुट आउँछ भन्ने सोच्नै मिल्दैन ।'

हाल महाधिवेशन निर्वाचन अघि गर्ने कि पछि भन्ने विषयमा पार्टीभित्र विवाद चर्किँदै गए पनि उनले समाधान सम्भव रहेको बताए । उनले महासमिति सदस्यहरूको सुझावलाई निर्णयको आधार बनाउन सकिने प्रस्ताव समेत अघि सारे । शर्माका अनुसार, 'यदि महाधिवेशन प्रतिनिधि वा केन्द्रीय समितिको सुझाव स्वीकार गर्न कठिन छ भने महासमितिको सुझावलाई नै आधार मानेर मिति टुंग्याउन सकिन्छ ।' महामन्त्री शर्माले आगामी पुस १६, १७, १८ र १९ गते महाधिवेशन गर्ने प्रस्तावमा आफूहरूले जोड दिइरहेको उल्लेख गर्दै यो प्रस्ताव पार्टी संस्थापक नेता बिपी कोइरालाको राष्ट्रिय मेलमिलाप नीतिसँग सुसंगत रहेको पनि बताए ।

# कांग्रेस पदाधिकारी बैठक निष्कर्षविहीन



**काठमाडौं ।** आसन्न महाधिवेशनको कार्यतालिकाबारे एकमत हुन नेपाली कांग्रेसको पदाधिकारी बैठक शनिबार पनि निष्कर्षविहीन बनेको छ । पार्टीभित्र महाधिवेशन निर्वाचन अघि गर्ने कि पछि भन्ने विषयमा देखिएको मतभेद समाधानका लागि सानेपास्थित पार्टी मुख्यालयमा बैठक बसेको भए पनि सहमति जुट्न सकेन ।

बैठकपछि प्रवक्ता डा. प्रकाशशरण महतले समान धारणा बनाउँदै अघि बढ्ने सहमति भए पनि अन्तिम निष्कर्षमा पुग्न बाँकी रहेको बताए । उनका अनुसार विभिन्न पक्षबीच मतान्तर रहे पनि सहमतिको वातावरण नजिकिँदै गएको अनुभूति आफूले गरेको छ ।

नेपाली कांग्रेसको संस्थापन पक्षले आगामी वैशाखतिर, अर्थात् निर्वाचनपछि मात्र महाधिवेशन गर्नुपर्ने अडान लिँदै आएको छ । तर महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहितको इतर पक्षले निर्वाचनअघि नै विशेष महाधिवेशन गर्नुपर्ने माग गर्दै आएको छ ।

महाधिवेशनको मिति र प्रकृतिबारे सहमति नजुटेकै कारण चालु केन्द्रीय समितिको बैठक पनि भोलिसम्मका लागि स्थगित गरिएको छ ।

# संविधानले प्रधानमन्त्रीको वैधतामाथि प्रश्न उठायो

**काठमाडौं ।** पूर्वउपप्रधानमन्त्री भीम रावलले वर्तमान अन्तरिम सरकारको वैधतामाथि गम्भीर प्रश्न उठाएका छन् ।

शनिबार काठमाडौंमा आयोजित छलफल कार्यक्रममा बोल्दै उनले नेपालको संविधानकै प्रावधानले प्रधानमन्त्री सुशीला कार्कीको वैधता प्रश्नवाचक बनाएको दाबी गरे ।

रावलले भने, 'संविधानअनुसार सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउन मिल्दैन, त्यसैले यस्तो सरकारबाट प्रतिनिधि सभा विघटन गराउने अधिकार पनि संविधानले प्रदान गरेको छैन । यस कारण वर्तमान कार्की नेतृत्वको सरकारको अधिकारिता नै प्रश्नमा छ ।'

उनका अनुसार, संविधान विपरीत गएर मात्रै यस्तो नियुक्ति सम्भव हुन्छ । 'यदि यो सरकार संविधानको दायराभित्र चलिरहेको हो भने पूर्वप्रधानन्यायाधीशलाई राजनीतिक नियुक्ति दिने अधिकार संविधानले मानव अधिकार आयोग बाहेक अन्यत्र दिएका छैन,' रावलले स्पष्ट पारे ।

रावलले अझ भने, 'राष्ट्रपतिले पनि प्रतिनिधि सभा विघटन गर्ने अधिकार यस्तो अन्तरिम सरकारमार्फत प्रयोग गर्न सक्दैनन् ।

त्यसैले यो सरकार संविधानअनुरूप होइन भने त्यसलाई वैध भन्न मिल्दैन ।' उनले संविधानकै प्रावधान अनुसार अहिलेको सरकारले निर्वाचन गराए पनि त्यसको वैधानिकता प्रश्नमा पर्ने चेतावनी दिए ।

रावलले देशमा वास्तविक परिवर्तनको आभास दिलाउन संविधानका धेरै प्रावधान संशोधन गर्नुपर्ने आवश्यकता औंल्याउँदै भने, 'संविधानका त्रुटिहरू सच्याइँदै अघि बढ्न सके मात्र मुलुक स्थिर र लोकतान्त्रिक दिशामा अघि बढ्न सक्छ ।'

# शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउन एकता जरुरी



**काठमाडौं ।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउन निरन्तर प्रयास जारी रहेको बताउँदै देशभक्त शक्तिहरूका बीच एकता हुनुपर्नेमा जोड दिएका छन् ।

पार्टी केन्द्रीय कार्यालयमा शनिबार आयोजित शहीद प्रतिष्ठान नेपालको साधारण सभामा उनले शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउने जिम्मेवारी अझै अधुरो रहेको उल्लेख गर्दै त्यसका लागि सरकारमा हुँदा प्रयास र बाहिर हुँदा राज्यलाई निरन्तर सचेत गराउँदै आएको बताए ।

सहिद परिवार र बेपत्ता योद्धाका आफन्तहरूको भावनालाई सम्मान गर्दै चाँडोभन्दा चाँडो शान्ति प्रक्रियासम्बन्धी सबै काम पूरा गर्नुपर्नेमा उनले जोड दिए ।

साथै संयोजक प्रचण्डले वर्तमान अवस्थालाई 'राष्ट्रको स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमसत्ता' माथिको गम्भीर चुनौतीका रूपमा चित्रण गरे । प्रचण्डले नेपालको वर्तमान परिस्थितिलाई समाजवादी क्रान्तिको प्रारम्भिक सङ्केतका रूपमा व्याख्या गर्दै निराश हुनुपर्ने कारण नभएको बताए । उनले हालै भएका घटनाक्रमलाई उल्लेख गर्दै भने, '२३ र २४ का घटनाक्रमले देखाएको छ– क्रान्ति अब टाढा छैन, बरु नजिक आएको छ । जनताको असन्तुष्टि र आक्रोश सही ढङ्गले संगठित गर्न सके समाजवादी क्रान्ति छोटो समयमै सम्भव छ ।' उनले सम्बोधनको शुरुमा शहीद परिवार र बेपत्ता योद्धाका आफन्तहरूको भावनाको सम्मान गर्दै परिणाम ढिलो हुँदा आउने आक्रोशलाई 'जिम्मेवारीको बोध' का रूपमा लिएको बताए ।

शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउने जिम्मेवारी अझै अधुरो रहेको उल्लेख गर्दै उनले प्रचण्डले सरकारमा हुँदा र बाहिर हुँदा निरन्तर प्रयास गरिरहेको बताए । उनले शहीद घोषणा, विधेयक निर्माण र आयोग गठन जस्ता काम भए पनि आयोगहरूले अपेक्षित परिणाम दिन नसकेको स्वीकार गरे।प्रचण्डले जनयुद्धका समयमा माओवादीले राखेको विचार स्मरण गर्दै भने, 'हामीले त्यतिबेलै भनेका थियौँ, नेपाल गणतन्त्रमा जानेछ, तर त्यो जनताको गणतन्त्र हुनेछ वा प्रतिक्रियावादीहरूको भन्ने निर्णय पछि हुने टक्करबाट मात्र हुनेछ ।'

उनका अनुसार अहिले देश त्यही ऐतिहासिक मोडमा पुनः पुगेको छ, जहाँ 'क्रान्ति र प्रतिक्रान्ति आमनेसामने' छन् । प्रचण्डले वर्तमान अवस्थालाई 'राष्ट्रको स्वाधीनता,भौगोलिक अखण्डता र सार्वभौमसत्ता' माथिको गम्भीर चुनौतीको रूपमा चित्रण गरे ।

उनले भने, 'हामी अहिले साम्राज्यवादसँग सीधै आमनेसामने छौँ । अब प्रश्न छ–समाजवादी क्रान्तिले साम्राज्यवादलाई रोक्ने हो कि साम्राज्यवादले नै हाम्रो स्वाधीनता निल्ने हो ।'

उनले देशभक्त, वामपन्थी र क्रान्तिकारी सबै शक्तिलाई राष्ट्रिय स्वाधीनता र समाजवादी क्रान्तिको रक्षाका लागि एउटै मोर्चामा उभिन आह्वान गरे । इतिहासको समीक्षा गर्दै उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्याउन सामन्ती निरङ्कुश तन्त्रविरुद्ध विभिन्न शक्तिहरूसँग अस्थायी सम्झौता भएको, जसमा दलाल र पुँजीवादी शक्तिहरूसमेत रहेको बताए । तर, गणतन्त्रपछिका नेतृत्वहरूले जनताको अपेक्षाअनुसार काम गर्न नसक्दा जनआक्रोश बढेको उनको भनाइ छ ।

प्रचण्डले हालका आन्दोलनहरूमा सहभागी युवा पुस्ताको प्रशंसा गर्दै उनीहरूलाई 'क्रान्तिकारीका उत्तराधिकारी' भने । उनले भने, 'भ्रष्टाचारविरुद्ध सडकमा निस्केका युवाहरूले राजनीतिबाट टाढा भनिएका पुस्तालाई पुनः राजनीतिक रूपमा सचेत बनाएका छन् । उनीहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी, भ्रष्टाचार विरोधी अभियान र अभिव्यक्ति स्वतन्त्रताको मुद्दा उठाएका छन् ।' उनले प्रतिक्रान्तिको भयानक खतरालाई परास्त गर्न, र सङ्कट पार गर्न सबै वामपन्थी, देशभक्त र क्रान्तिकारी शक्तिहरूबिच वृहत् एकताको आवश्यकता औँल्याए । प्रचण्डले शहीद प्रतिष्ठान नेपाललाई शान्ति प्रक्रियाका बाँकी कामहरूको खोजीमा सक्रिय हुन र शहीद, बेपत्ता तथा घाइते योद्धाहरूका परिवारहरूलाई व्यापक रूपमा सङ्गठित गर्न निर्देशन दिए ।

# त्रिपक्षीय छलफलले निर्वाचनको वातावरण बन्दै



**काठमाडौं ।** राजनीतिक दलका नेताहरूले सरकार, जेन्जी र राजनीतिक दलबीचको त्रिपक्षीय संवादको थालनीले राज्यको प्राथमिकतामा रहेको निर्वाचनका लागि सकारात्मक वातावरण सिर्जना गरेको प्रतिक्रिया दिएका छन् ।

उनिहरूले गत भदौ २३ र २४ को जेन्जी समूहको आह्वानमा भएको आन्दोलनपछि उत्पन्न परिस्थितिका कारण संवादहिनताको अवस्था सिर्जना गरेकामा पछिल्लो त्रिपक्षीय छलफलबाट विश्वासको वातावरण कायम भई निर्वाचनमा जाने विषयमा अलिखित सहमति जस्तै भएको प्रतिक्रिया दिएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता माधव सापकोटाले भने, 'त्रिपक्षीय छलफलपछि सहमत हुनसक्ने विषयमा समान धारणा बनाएर चुनावमा जानुको विकल्प छैन भन्नेमा अलिखित समझदारी जस्तै भएको छ । जेन्जी अभियन्ताहरुले संसद् पुनःस्थापना होइन, चुनावका लागि तयार हुनुस् भन्नुभएको छ ।'

छलफलमा जेन्जी समूहबाट भएको राम्रो तयारी, मर्यादित भाषाको प्रयोग, विषयवस्तुमाथिको अनुभव र जिम्मेवार प्रस्तुतिले पनि निर्वाचनमा सहमति कायम गर्न सहज तुल्याएको प्रतिक्रिया दिए ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको उक्त त्रिपक्षीय छलफलमा प्रधानमन्त्री सुशीला कार्कीले सरकार चुनावमा केन्द्रित छलफल र गृहकार्यमा लागिसकेकाले यस सन्दर्भमा आउने समस्या फुकाउने कार्य भइरहेको जानकारी गराउनुभएको थियो ।

उनले भने, 'हामी चुनाव केन्द्रित छौँ । प्रत्येक दिन यसैगरी छलफल र गृहकार्य गर्छौं । कामको प्रगतिविवरण लिन्छौं, समस्या फुकाउन लागिपरेका छौँ, अविश्वास चिर्दै विश्वासको वातावरण बनाउँदै छौँ । बोलेको कुरा पुऱ्याउँछौँ ।'

त्रिपक्षीय छलफल र त्यसपछि विकसित परिस्थितिका विषयमा अघिल्लो सङ्घीय संसद् प्रतिनिधिसभा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेतासँग राससले गरेको कुराकानीको सम्पादित अंशः

**एमाले निर्वाचनबाट भाग्दैनः बर्तौला**

वर्तमान सरकारको आगामी कार्यदेश आगामी फागुन २१ का लागि घोषणा गरिएको प्रतिनिधिसभा सदस्य निर्वाचन हो । त्यसका लागि सरकारबाट निर्वाचनको मुख्य सरोकार पक्ष राजनीतिक दलले भाग लिने वातावरण र शान्ति सुरक्षाको प्रतिबद्धता दिलाउनुपर्छ । मुलुकलाई लोकतान्त्रिक मार्गमा ल्याउने एउटा मात्रै मार्ग र विकल्प भनेको निर्वाचन नै हो । त्यो अनुसार सरकारका गतिविधि र भूमिका हुनुपर्छ । सरकारले निर्वाचनका लागि अझै धेरै मेहनत गर्नुपर्छ ।

मुलुकमा राजनीतिक परिवर्तन र लोकतन्त्रका लागि ठूलो योगदान पुऱ्याउँदैआएको एमाले निर्वाचनबाट भाग्दैन ।

जनताकाबीच परीक्षित हुने कुरालाई स्वीकार गर्छ । हामी निर्वाचनमा सहभागी हुन्छौं, तर त्यसअघि शान्ति–सुरक्षासहित भयरहित निर्वाचनको सुनिश्चिता हुनुपर्छ । मतदाताले मत खसाल्ने, उम्मेदवारले आफ्नो उम्मेदवारीको औचित्यता जनतासामु प्रस्तुत गर्ने वातावरण हुनुपर्छ ।

तोकिएको मितिमा चुनाव नहुने र संसद् पनि नरहेको अवस्थामा भने संसद्को पुनःस्थापना गरी हाल उठेका राजनीतिक प्रश्न र जेनजीका मुद्धालाई सम्बोधन गर्न एमालेले संसद् पुनस्थापना विषयलाई जोड दिएको हो । त्यसबीचमा संविधान संशोधन गरी सर्वपक्षीय सरकार गठन गरी छोटो अवधिभित्रै ताजा जनादेशमा जाँदा उपयुक्त हुन्छ भन्ने हाम्रो मत हो ।

जेन्जी पुस्ताबाट आएको ताजा जनादेशमा जानुपर्छ भन्ने सोच पनि ठीक छ, त्यो जानैपर्छ । उहाँहरुले संविधान र राजनीतिक दलाई अस्वीकार नगर्ने तथा सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक–समावेशीताप्रतिको पूर्ण प्रतिबद्धता र भावप्रति राजनीतिक दलका तर्फबाट सम्मान छ ।

छलफलका क्रममा कतिपय राजनीतिक शक्तिले विषयवस्तु र दलगत अवधारणाभन्दा तत्कालको लाभ र हानी कसरी हुन सक्ला भन्ने ध्येय राखेको समेत अनुभूति भयो । त्यो पक्षलाई उहाँहरु स्वयले सुधार गरेमा आफ्नो ओज र मर्यादा बढ्ने पक्षमा हेक्का राख्दा राम्रो हुन्छ । निर्वाचन सुरक्षा चुनौतीको प्रश्न विभिन्न कोणबाट उठे तापनि नेपाली काँग्रेसलगायतका राजनीतिक दलले निर्वाचनमा सरकारलाई सहयोग गर्ने र भाग प्रतिबद्धता व्यक्त भयो ।

**देशले जिने समझदारीमा जाऔँः श्रेष्ठ**

हामीले विसं २०६२–६३ देखि नै देशमा अघि बढाइएको राजनीतिक मार्ग चित गलत छ, गलत बाटोबाट हिडेकोछि सही ठाँउमा पुग्न सकिन्न भनी निरन्तर भन्दैआएका थियौं । जेन्जी आन्दोलनले त्यसको पुष्ट्याइ गरेको छ ।

फलस्वरुप दुई तिहाइ बहुमतको सरकार ढलेको र संसद्समेत भङ्ग भएको अवस्था छ ।

जेन्जीको भावनाअनुरुप नयाँ सरकार बनेको छ । अहिले विगतका त्रुटि र कमीकमजोरी सच्याएर अघि बढ्ने ऐतिहासिक अवसर हो । प्रधानमन्त्रीको आह्वानमा भएको छलफलमा तीनपक्षकै कुरा सुनियो । जेनजी पुस्ताबाटै पनि आगामी मार्गचित्रबारे साझा धारणा आउन सकेन । उनिहरूमा गणतन्त्र, चुनाव र शासकीयस्वरुपबारे एकमत देखिएन ।

राजनीतिक दलमा पनि चुनावको तयारी देखिन्न । सरकारले निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन आन्दोलनका बेला लुटिएका हतियार र जेलबाट भागेका कैदी फिर्ता ल्याउने कार्यलाई उच्च प्राथमिकता दिनुपर्छ । अनि मात्र निर्वाचनको वातावरण बन्छ ।

सरकारले पहिले प्रहरीको मनोबल उकास्ने काम गर्नुपर्छ । यस्तो अवस्थामा नयाँ समझदारी गरेर जानुपर्छ । त्यसले कसैलाई पनि निषेध नगरोस् । त्यसका लागि कसैले नहार्ने, देशले जित्ने नवीन समझदारी गरेर जाऔँ । जोसिलो उमेर समूह भए पनि जेन्जी पुस्ताबाट भएको सुझबुझपूर्ण, मर्यादित र संयमित प्रस्तुतीको भने तारिफ गर्नैपर्छ ।

**संवादहीनताको अवस्था अन्त्यः सापकोटा**

सरकार, जेन्जी र दलहरुकाबीच बुधबार भएको छलफलपछि संवादहीनताको अवस्था अन्त्य भएको छ । जेनजी आन्दोलनलाई विद्रोहका रुपमा लिएर उनको मागलाइ आगामी दिनमा संस्थागत गर्नुपर्छ भन्नेछ । त्यसका लागि आगामी दिनमा निरन्तर संवाद गर्दै जाने भन्ने भएको छ ।

छलफलमा जेनजी समूहबाट राम्रो तयारी, मर्यादित भाषा, विषयवस्तुका हिसाबले जिम्मेवार ढंगबाट भएको प्रस्तुति सराहनायोग्य छ । देशका पुराना राजनीतिक दल रुपान्तरण हुनुपर्छ, उनिहरुको अस्तित्व स्वीकार गर्छौं भनेका छन् । उनिहरुले सबैभन्दा पहिला लोकतान्त्रिक प्रणाली र संविधानको रक्षा हुनुपर्छ, यसभित्रबाटै आफ्ना माग सम्बोधन र सुशासन कायम हुनुपर्छ भनेका छन् ।

केही ढिलो भएपनि संवादको प्रारम्भ भएको छ, यो स्वागत योग्य कुराछ । दलकाबीचमा संवाद र वातावरणलाई सकारात्मक रुपमा लिएर जाने अवस्था बनाउनुपर्छ । छलफलपछि सहमत हुनसक्ने विषयमा समाधान धारणा बनाएर चुनावमा जाने विषयमा अलिखित समझदारी जस्तै भएको छ । जेनजी समूहले पनि संसद् पुनःस्थापनामा कुरा नगर्ने चुनावका लागि दलहरु तयार हुनुस् भनेका छन् ।

# वर्षाका कारण धान भिल्याउन समस्या



**म्याग्दी ।**
खेतमा पाकेको धान भिल्याउने समयमा भएको वर्षातका कारण म्याग्दीका कृषक चिन्तित भएका भएका छन् । दशैंतिहार पर्व मनाएपछि खेतबारीमा पाकेको धान र कोदो भिल्याउने कृषकको तयारीलाई बेमौसमी झरिले प्रभावित बनाएको हो । म्याग्दीका खेतमा धान र बारीमा कोदो पाकेर भिल्याउने समय भएको छ ।
खेतबारीमा रहेको धानकोदो वर्षासँगै हावाहुरीले लडाउँदा उत्पादनमा असर पर्नुका साथै भिल्याउनका लागि काटेर सुकाएको बाली र नलपराल पानीले भिजेपछि चिन्तित भएको मङ्गला गाउँपालिका–२ रणवाङका कृषक लक्षिन बहादुर मल्लले बताए ।
मङ्गला गाउँपालिका–२ सिमका कृषक ध्रुब खत्रीले वर्षातका कारण खेतमा पाकेको धान काट्न नपाएको बताए । गत वर्ष १०० मुरी धान फलाएका खत्रीले यसपाली उत्पादन घट्ने बताए । कतिपय कृषकले काटेको धान खेतमै पानीले भिजेको छ । पानीले खेतमै धान र पराल कुहिने चिन्ता कृषकलाई छ । रोप्ने समयमा पर्याप्त वर्षा भएको, रोग, किरा नदेखिएको र तिहार अघिसम्मको मौसम अनुकुल हुँदा धानको उत्पादन बढ्ने कृषकको अपेक्षा थियो । माथिल्लो क्षेत्रका कृषकले स्थानीय जातको धान दसैँ र तिहारबीचमा भिल्याएका थिए । बेसीका खेतमा तिहारलगत्तै धान काट्न थालेका थिए ।
जिल्लामा तीन हजार ८०६ हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ । कृषि ज्ञान केन्द्र, म्याग्दीका अनुसार गत वर्ष भएकोमा १२ हजार ९७८ दशमलब पाँच मेट्रिक्टन उत्पादन भएको थियो । ४६ हजार ५९१ मेट्रिक्टन उत्पादन भएको थियो ।
जिल्लामा गौरी, जेठो बुडो, जर्नेली, पहेँले, मार्सि, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण तीन, खुमल चार, खुमल १०, लुम्ले दुईलगायतका उन्नत जातका धानखेती हुने गर्दछ । लेकाली क्षेत्रका कृषकले भिरालो जमिनमा गर्न सकिने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धान खेती गर्छन् । एक नगरपालिका र पाँचवटा गाउँपालिका रहेको म्याग्दीको प्रायजसो क्षेत्रमा धान खेती हुने गरेको छ ।
रत्नेचौर, ज्यामरुककोट, अर्थुङ्गे, पुलाचौर, सिङ्गा, बराङ्जा, बाबियाचौर, कुहुँ, अर्मन, दरबाङ, ताकम, घतान, पात्लेखेत, पिप्ले, भगवती, शिख, घार, भूरुङ–तातोपानी, नारच्याङ, दानालगायत क्षेत्रमा धान खेती हुँदै आएको छ ।
यी क्षेत्र धान उत्पादनको हिसाबले पकेट क्षेत्र मानिन्छन् । धवलागिरि गाउँपालिकाको गुर्जा र लुलाङमा अत्यधिक चिसोका कारण धान उत्पादन हुँदैन । कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जिव बाँस्तोलाले बोटमै भएको धानलाई वर्षाले असर नगर्ने बताए ।
'धान काटिसकेको हो भने कुन्यु बनाएर भिज्नबाट बचाउनुपर्छ,' उनले भने 'खेतमै परालसितै भएको धानलाई वर्षा सकिएपछि राम्रोसँग घाममा सुकाएर मात्रै भिल्याउनुपर्छ ।' धान काट्ने योजनालाई मौसम सुधार नहुँदासम्म स्थगित गर्न केन्द्र प्रमुख बास्तोलाले कृषकलाई अनुरोध गरे । रासस

# किसान व्यावसायिक चिया खेतीमा आकर्षित



**भोजपुर ।**
अर्गानिक चिया उत्पादन गर्ने लक्ष्यले किसान व्यावसायिक खेतीतर्फ आकर्षित भएका छन् । टेम्केमैयुङ गाउँपालिका–३ का सरमान गिरी एक दशकभन्दा बढी समयदेखि चियाको व्यावसायिक खेती गर्दै स्थानीयस्तरमा उदाहरणीय बनेका छन् ।
उनले हाल आफ्नो करिब ८० रोपनी क्षेत्रफलमा चिया खेती विस्तार गरेका छन् ।
विगतमा हातैले प्रशोधन गर्दै आउनु भएका उहाँले विसं २०७६ बाट गरस चिया उद्योग सञ्चालनमा ल्याएका हुन ।
जिल्लामा चियाको क्षेत्रमा यो पहिलो उद्योग हो । अर्गानिक चिया उत्पादन गर्ने लक्ष्यले व्यावसायिक खेतीमा जुटेको उनको भनाइ छ ।
उद्योगबाट हरियो चिया (ग्रीन टि), कालो चिया र सिल्भर चिया उत्पादन गर्दै आएको उनले बताए । उद्योगले नेपाल चिया तथा कफी विकास बोर्डबाट ट्रेडमार्क प्रमाणपत्र पनि प्राप्त गरिसकेको छ ।
व्यवसायी गिरीले उद्योग सञ्चालनका लागि कोशी प्रदेश सरकारबाट १७ लाख ५० हजार रुपैयाँ अनुदान प्राप्त गरेका छन् । उत्पादित चियाले उचित मूल्य प्राप्त गरेमा वार्षिक २५ देखि ३० लाख रुपैयाँसम्म आम्दानी लिने कुनै समस्या नरहेको उनको भनाइ छ ।
हाल ८० रोपनीमा फैलिएको खेतीलाई अझ विस्तार गर्ने तयारी भइरहेको छ । साथै, चिया बगान अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गर्दै गिरीले बगान परिसरभित्र 'टेम्के फन पार्क तथा रिसोर्ट'समेत सञ्चालन गरेका छन् ।
व्यवसायी गिरीका अनुसार बगानमा महिनामा चारपटकसम्म चिया टिप्न सकिन्छ ।
उनले नर्सरी उत्पादनदेखि रोपण र प्रशोधनसम्मका सबै चरण आफैँ गर्दै आएका छन् । चिया खेती विस्तार गर्न इच्छुक अन्य किसानलाई उनले नियमित सल्लाह र प्राविधिक मार्गदर्शन दिँदै आएका छन् ।रासस

# भटमास खेतीमा किसानको आकर्षण बढ्यो

## वार्षिक तीन लाखसम्म आम्दानी



**कञ्चनपुर।**
कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका–८ का टेकबहादुर खड्काले व्यवसायिक भटमासखेती गर्न थालेको तीन वर्ष भयो।
मलखाद र सिँचाइको समस्या झेल्दै आएका उनले शुरुआतमा पाँच कठ्ठा क्षेत्रफलमा सो खेती गरेका थिए । अन्य खेतीको तुलनामा भटमासबाट तीन गुणा बढी फाइदा हुनथालेपछि उनले भटमास खेती विस्तार गर्दै डेढ विघा जग्गामा खेती गरेका छन् । 'भटमास खेतीमा थोरै मेहनत र लगानीमा वार्षिक दुईदेखि तीन लाखसम्म आम्दानी हुन्छ ।'उनले भने, 'अन्य बाली सस्तोमा बिक्री हुन्छ भटमास बिक्री गर्दा राम्रो मूल्य पाइन्छ।'
उनले कम लगानीमा धेरै आम्दानी हुने भएपछि पछिल्लो समय यहाँका किसान भटमास खेतीमा लागेको बताए । 'यहाँ भटमास खेती गर्नेको संख्या बढ्दै छन् धान गहुँमा लगानी बढी हुन्छ मुल्य पाइँदैन ।' उनले भने, 'अहिले अधिकांह किसानले परिवारलाई खान पुग्नेगरि मात्रै धान गहु खेती गर्छन बाँकि जग्गामा भटमास खेती गर्छौं।'
दोधारा चाँदनीका किसान चार–पाँच वर्ष यता परम्परागत बाली लगाउन छोडेर भटमास खेतीमा लागेका छन्। मलखाद र सिँचाइको समस्या झेल्दै आएका यहाँ किसान थोरै परिश्रम र लगानीमा राम्रो आम्दानी हुने भएपछि भटमास खेतीमा आकर्षित भएका छन्। 'धान र गहुँ खेतीमा किसानको मेहनत मात्रै हो फाइदा बिचौलियाले लिन्छन्।'
दोधारा चाँदनी–९ का जगत बुढाले भने, 'हामीलाई मेहनतअनुसारको मुल्य नआउने भएपछि विकल्पको रूपमा भटमास खेतीमा लागेका हौँ।' उनले भटमासमा किसानले रोजेको मुल्य पाइने बताए। उनले गत वर्ष ८५ रुपयाँ प्रतिकिलो भटमास बिक्री गरेको बताए । 'भटमास खेतीबाट वार्षिक तीन लाखसम्म आम्दानी हुन्छ।' उनले भने, 'एक विघा जग्गामा भटमास खेती गरेको छु अर्को वर्षदेखि विस्तार गर्ने योजनामा छु।'
उनले किसानले उत्पादन गर्ने भटमास कुखुराको दाना उत्पादनका लागि व्यापारी घरमै आएर लग्ने भएकाले बिक्रीका लागि मेत पनि समस्या नभएको बताए। परम्परागत धानगहुँ खेतीभन्दा भटमासमा कम लागतमा मुनाफा बढी हुने गरेको उनको भनाइ छ।
दोधरा चाँदनीमा तीन हजार ६०० हेक्टर खेतीयोग्य जमिन छ। यसमध्ये एकसय हेक्टर क्षेत्रफलमा भटमास खेती हँुदै आएको दोधारा चाँदनी नगरपालिकाका कृषि अधिकृत कमलापति भट्टले बताए । 'यहाँको माटो भटमासका लागि उपयुक्त छ अन्य बालिभन्दा भटमास धेरै फल्छ।
' कृषि अधिकृत भट्टले भने, 'पछिल्लो समय भटमास खेती गर्ने किसान बढ्दैछन् ।' उनका अनुसार गत वर्ष प्रदेश सरकारबाट भटमास खेती गर्ने किसानका लागि अनुदमनसमेत आएको थियो । 'प्रदेशले २५ हेक्टरका लागि मात्रै अनुदान दिएको थियो तर यहाँ किसान धेरै आएपछि हामीले ५८ हेक्टरमा अनुदान दियौँ ।' उनले भने, 'पानी नजम्ने दोमट किसिमको माटो भएकाले यहाँ भटमास खेती फष्टाएको छ।'
भटामास खेती गर्ने किसानको संख्या बढेपछि अर्को वर्षदेखि किसान लक्षित कार्यक्रम ल्याउने योजना पालिकाको छ।रासस

# खाद्यले अझै धान खरिद शुरु गरेन

**बाँके ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नेपालगञ्जस्थित कार्यालयलले यहाँका किसानले उत्पादन गरेको धान खरिद शुरु नगर्दा किसानले व्यापारीलाई कम मूल्यमा धान बिक्री गर्न बाध्य भएका छन् ।
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिदमा ढिलाइ गर्दा सरकारले तोकेको मूल्य नपाएपनि आफुहरूले बाध्य भएर कम मूल्यमा बजारमा धान बिक्री गर्नु परेको नेपालगञ्ज–१९ सुइयागाउँका किसान ललवा माहुतले बताए । 'खाद्य कम्पनीले धान खरिद अझै शुरु नगर्दा किसानले बजारमा व्यापारीलाई बाध्य भएर दुबै धानमा करिब नौ सय क्विन्टल कम मूल्यमा धान बिक्री गरिरहेका छन्,' उनले भने, 'सरकारले तोकेको समर्थन मूल्य अनुसार व्यापारीले धान खरिद नगर्दा किसानलाई निकै समस्या परेको छ ।'
सरकारले धान खरिदमा ढिलाई गर्ने, खरिद शुरु गरे पनि निकै कम धान खरिद गर्ने र खरिद गर्दा विभिन्न मापदण्ड लगाएर अधिकांश धान फिर्ता पठाउने गरेकाले किसानलाई निकै समस्या हुने गरेको उनको भनाई छ ।
नेपालगञ्जस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख रामशरण लामिछानेले कार्यालयले मोटा धान १५ हजार र मध्यम धान पाँच हजार क्विन्टल खरिद गर्ने गरी कोटा निर्धारण भएर आएको जानकारी दिए ।उनका अनुसार, गत वर्ष नेपालगञ्जमा मध्यम धान २५ हजार र मोटा धान सात हजार गरेर ३२ हजार क्विन्टल धान खरिद गरिएको थियो ।
यस वर्ष २० हजार क्विन्टल मात्र धान खरिदको कोटा आएको बताए । बाँकेका प्रमुख जिल्ला अधिकारीको सरुवा भएकाले नयाँ प्रमुख जिल्ला अधिकारी आएलगत्तै खरिद समितिको बैठक बसेर निर्णय गरी धान खरिद शुरु गर्ने तयारी भएको छ ।
सरकारले आर्थिक वर्ष २०८२–८३ का लागि मोटा धानको समर्थन मूल्य प्रति क्विन्टल तीन हजार ४ सय ६३ रुपैयाँ ८१ पैसा तोकेको छ भने मध्यम धानको मूल्य प्रतिक्विन्टल तीन हजार ६ सय २८ रुपैयाँ तोकेको छ । हाल खाद्य व्यवस्था कार्यालयमा गत वर्ष खरिद गरिएको धानको २० हजार क्विन्टल चामल मौज्दात रहेकाले धेरै धान खरिद गरेर राख्ने ठाउँ अभावले पनि समस्या भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख लामिछानेले जानकारी दिए । रासस


# एन्फा वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का निलम्बनमा

**काठमाडौँ ।**
अखिल नेपाल फुटबल संघ (एन्फा) को आकस्मिक भर्चुअल बैठकले वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कालाई निलम्बन गर्ने निर्णय गरेको छ । शुक्रबार बसेको बैठकले राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी पूर्वकप्तान हरि खड्कालाई प्रदान गरेको छ ।
एन्फा अध्यक्ष पंकजविक्रम नेम्बाङ विदेश भ्रमणमा रहँदा आफू कार्यवाहक अध्यक्ष भएको दाबी गर्दै वरिष्ठ उपाध्यक्ष खड्काले महासचिव किरण राईलाई स्पष्टिकरण सोध्दै निलम्बन गरेका थिए । तर, कदम अनधिकृत ठहर गर्दै अध्यक्ष नेम्बाङले आइतबार खड्कालाई पाँच बुँदामा स्पष्टिकरण मागेका थिए। प्राप्त जवाफ सन्तोषजनक नठहरिएपछि उनलाई आगामी साधारणसभासम्मका लागि निलम्बन गरिएको एन्फाले जनाएको छ ।
यसैबीच, एन्फाले बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेल र एएफसी एसियन कप छनोटका खेलहरूका लागि हरि खड्कालाई राष्ट्रिय टोलीको मुख्य प्रशिक्षक तोकेको छ । हालै मुख्य प्रशिक्षक म्याट रसले राजीनामा दिएपछि नयाँ प्रशिक्षकको जिम्मेवारी खड्कामाथि आएको हो ।
पूर्वकप्तान तथा अग्रपंक्तिका खेलाडी रहिसकेका हरि खड्काले अब कात्तिक २७ गते बिहीबार बंगलादेशविरुद्ध हुने फिफा विन्डो अन्तर्गतको मैत्रीपूर्ण खेलबाट टोलीको नेतृत्व गर्नेछन् । खेल बंगलादेशमा साँझ पौने आठ बजे शुरु हुनेछ ।
नेपालले त्यसपछिका सात दिनपछि मलेसियासँग एएफसी एसियन कप छनेट अन्तर्गत मंसिर २ गते आफ्नो पाँचौँ खेल खेल्नेछ । प्रारम्भिक योजना अनुसार दशरथ रंगशालामा खेल हुने भए पनि मैदान अन्तर्राष्ट्रिय मापदण्ड नपुगेका कारण सो खेल मलेसियामै हुने एन्फाले जनाएको छ ।

# बेंकेटेश्वर मन्दिरमा भागदौडमा १० जनाको मृत्यु

**श्रीकाकुलम ।**
आन्ध्र प्रदेशको श्रीकाकुलमस्थित काशीबुग्गा वेंकटेश्वर मन्दिरमा शनिबार एकादशीका दिन भागदौड मच्चिँदा १० जनाको मृत्यु भएको छ । मृतकहरूमध्ये ८ महिला र २ बालबालिका रहेका छन् । यस घटनामा २५ भन्दा बढी मानिस घाइते भएका छन् र उनीहरूको उपचार भइरहेको छ ।
स्थानीयका अनुसार अत्यधिक भीडभाडका कारण धकेलाधकेल हुँदा रेलिङ भत्किएको र त्यसपछि भागदौड मच्चिएको थियो । अधिकारीहरूले मृतकको संख्या बढ्न सक्ने आशंका व्यक्त गरेका छन् । सरकारले यस दुर्घटनाको छानबिन गर्न आदेश दिएको छ ।
भागदौडपछि धेरै महिला बेहोस भएका थिए । घटनाका धेरै भिडियोहरू सार्वजनिक भएका छन्, जसमा मन्दिरको सिँढीमा महिला, बालबालिका र धेरै वृद्धवृद्धासहित मानिसहरूको ठुलो भिड देखिएको छ । सोही क्रममा रेलिङ भत्किएर मानिसहरू भिडमा दबिएका थिए । महिला र बालबालिका बाहिर निस्कन चिच्याएको र धेरैले ज्यान बचाउन मानिसहरूको माथिबाट निस्कने प्रयास गरेको देखिन्छ ।
दुर्घटनापछिका भिडियोहरूमा मानिसहरूले भीडमा दबिएका महिला र बालबालिकालाई बाहिर निकाल्दै गरेको देखिएको छ ।
भागदौड भएको ठाउँमा महिलाहरू यत्रतत्र अचेत अवस्थामा लडेका थिए । मानिसहरूले भिडबाट महिलाहरूलाई हातखुट्टा समातेर तान्दै गरेको पनि देखिन्छ ।
आन्ध्र प्रदेशकी गृहमन्त्री अनिताले मन्दिरमा हरेक हप्ता करिब १५०० देखि २००० श्रद्धालु दर्शनका लागि आउने जानकारी दिइन् । एकादशीका कारण आज श्रद्धालुको संख्या निकै धेरै थियो । उनका अनुसार मन्दिर पहिलो तलामा अवस्थित छ र यहाँ पुग्न २० वटा सिँढी छन् । धकेलाधकेल हुँदा रेलिङ भत्किएर भागदौड मच्चिएको थियो । एजेन्सी

# हरिबोधिनी एकादशीः नारायण मन्दिरमा भक्तजनको घुइँचो



**काठमाडौँ।**
हरिबोधिनी एकादशीका अवसरमा देशका विभिन्न भागमा अवस्थित नारायण मन्दिरमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको हाम्रा स्थानीय समाचारदाताले जनाएका छन्।

काठमाडौँ उपत्यकाका चार नारायण, भक्तपुरको चाँगुनारायण, ललितपुरको विशङ्खुनारायण, काठमाडौँका शेष नारायण र इचङ्गुनारायणस्थानका साथै काठमाडौँ उपत्यका र बाहिरका अन्य साना ठूला नारायण मन्दिरमा पनि भक्तजनको घुइँचो बढेको हो । यी मन्दिरमा आज विशेष मेला लागेको छ । साथै नागार्जुन नगरपालिका–७ रामकोटस्थित बद्रीनारायण धाममा पनि मेला लागेको छ । यसैगरी तनहुँको व्यास नगरपालिका–९ स्थित सिद्धेश्वर राजापानी महादेव मन्दिरमा एकादशी मेला लागेको छ।

काठमाडौँ उपत्यकाका चार नारायणस्थानमा जान नसक्नेले काठमाडौँको उत्तरमा रहेका बूढानीलकण्ठ नारायणस्थान र नारायणहिटीस्थित चातुर्व्युह नारायण मन्दिरको दर्शन गर्दा चार नारायणको दर्शन एवं पूजा गरे बराबरको फल पाइने विश्वास गरिन्छ । यी दुवै मन्दिर शेषशायी भगवान् नारायण विराजमान छन्। बूढानीलकण्ठको नारायणस्थानमा ठूलो ढुङ्गामा निर्मित हर र हरि भगवान्को यस्तो मूर्ति विश्वमा अन्यत्र कतै नभएको बताइन्छ । वर्षमा एक दिन धेरै दर्शनार्थीले पूजा गर्न आउने गरेकाले दक्षिणकालीको शेषनारायण मन्दिरमा विशेष व्यवस्था गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । यसैगरी, बूढानीलकण्ठ नारायणस्थानमा पनि शनिवारदेखि कार्तिक शुक्ल पूर्णिमाका दिनसम्म विशेष मेला लागेको छ।

प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिन भगवान् विष्णुको प्रतीकका रुपमा तुलसीको दामोदरसँग विवाह र विशेष पूजा गरी मनाइने हरिबोधिनी एकादशी पर्व मनाइएको छ । आषाढ शुक्ल एकादशी अर्थात् हरि शयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु ब्युँझिने भएकाले आजको दिनलाई हरिबोधिनी एकादशी भनिन्छ।

हरिशयनी एकादशीदेखि हरिबोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दै आएकामा आज दामोदरसँग तुलसीको विवाह गर्ने प्रचलन छ।

तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको दामोदरसँग विवाह गर्ने परम्परा बसेको हो। तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रुपमा निगालाका लिङ्ग गाडेर विधिपूर्वक पूजा गरिन्छ। कार्तिक महिनाभर सबै देव देवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ।रासस

# स्थानीयद्वारा निगमको डिपो स्थानान्तरण माग



**धनगढी।**
घनाबस्तीको बीचमा रहेको नेपाल आयल निगमको सुदूरपश्चिम प्रादेशिक डिपो तत्काल स्थानान्तरणको माग गर्दै स्थानीयले दबाबमूलक कार्यक्रम आयोजनाको तयारी गरेका छन्।

धनगढी उपमहानगरपालिका–३ चटकपुरस्थित डिपो स्थानान्तरणका लागि दुई वर्षदेखि काम भइरहेको भनिए पनि हालसम्म कुनै परिणाम नदेखिएपछि स्थानीयले आन्दोलनको तयारी थालेका हुन्।

टोल विकास संस्थाको अगुवाइमा डिपो स्थानान्तरणको प्रक्रिया तत्काल अघि बढाउन उनीहरुले अर्को सातादेखि चरणबद्ध रुपमा दबाब दिने तयारी गरेका छन् । केही दिनअघि उनीहरुले वडाध्यक्षको पहलमा स्थानीयको सरोकार सम्बोधन गर्न डिपो प्रमुखको ध्यानाकर्षणसमेत गराएका थिए।

डिपोसँगै जोडिएको शुभकामना टोल विकास संस्थाका अध्यक्ष दीर्घराज ओझा घनाबस्तीबीचमा रहेको डिपोका कारण सुरक्षा संवेदनशीलता बढेको उल्लेख गर्दै तत्काल डिपो सार्न निगम व्यवस्थापन गम्भीर हुनुपर्ने बताउछन् । शुभकामना टोलमा ८७ वटा घरधुरी छन् । ती घरमा चार सय भन्दा बढी ३५० भन्दाबढी मानिसको बसोबास रहेको छ।

‘दुई वर्षअघि देखि डिपो स्थानान्तरणको प्रक्रिया अघि बढेको भनिएको छ, तर अहिलेसम्म परिणाम आएको छैन,’ अध्यक्ष ओझाले भने, ‘तत्काल डिपो स्थानान्तरण गरेर स्थानीयलाई ढुक्कसँग बसोबास र पेसा व्यवसाय गर्न सक्ने अवस्था बनाउन आन्दोलनका कार्यक्रम अघि बढाउँदै छौँ।’

चटकपुर निवासी धर्मसिंह–माधवी ऐर दम्पत्तिलाई अहिले रातमा राम्रो निद्रा पर्दैन । घरै अगाडि रहेको निगमको डिपोमा जुनसुकै बेला भवितव्य हुनसक्ने र त्यसबाट ठूलो मानवीय र भौतिक क्षति व्यहोर्नुपर्ने चिन्तामै बाँचिरहनुपरेको उनीहरु सुनाउछन् । डिपोका कारण सधैँ त्रसित अवस्थामा रहनुपरेको गुनासो गर्दै स्थानीय धर्मसिंह डिपो स्थानान्तरणका लागि पटकपटक सरोकारवालालाई आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको बताउछन्।

पेट्रोलियम पदार्थ भण्डारण गरिएका ठूल्ठूला ट्याङ्क नजिकै भएको र डिपोबाट इन्धन लोडअनलोड भइरहँदा घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ। टोल विकास संस्थाका अध्यक्ष ओझा गतको तिहारमा पटका नपट्काउन अनुरोध गर्दै हिँड्नु परेको सुनाउछन्।

केही वर्ष पहिले जङ्गल रहेको डिपो आसपास अहिले बाक्लो बस्ती छ । धनगढी–अत्तरिया सडक खण्डमा रहेको डिपो अगाडिबाट दैनिक हजारौँ सवारीसाधन गुड्छन् । नजिकै धनगढी नेत्रालय, सिपी अस्पतालसहित अन्य स्वास्थ्य संस्था, विद्यालय र व्यापारिक भवन छन्।

‘कतिबेला के हुन्छ भन्न सकिन्न । डिपोका कारण सधैँको चिन्ता,’ टोल विकास संस्थाका अध्यक्ष ओझा भने ‘स्थानीयले ढुक्कका साथ जीवनयापन गर्न सकेका छैनन्, घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था छ।’

केही वर्षअघि डिपोको पूर्वतर्फ रहेको एक फर्निचर उद्योगमा आगलागी हुँदा कतिपय स्थानीय घरै छाडेर हिँडेका चटकपुरवासीको सम्झनामा ताजै छ । ‘डिपो नजिकको फर्निचरमा आगो लागेपछि यहाँका स्थानीयमा अब भाग्नुपर्छ भन्ने त्रास बढेको थियो,’ त्यसबेलाको त्रास सम्झदै उनले भने।

डिपोका कारण सुरक्षा चुनौती बढेको जनाउँदै धनगढी उपमहानगरपालिकाले पनि बारम्बार निगमलाई सुरक्षित स्थानमा त्यसलाई स्थानान्तरण गर्न आग्रह गर्दै आएको नगर प्रमुख गोपी हमाल बताउछन्।

डिपोकै नजिक कक्षा १० सम्म अध्ययन हुने धनगढी प्रज्ञा सदन सञ्चालनमा छ । उक्त विद्यालयमा ४०० बढी विद्यार्थी अध्यनरत छन् । विद्यालयका प्राचार्य तीर्थराज फुलारा आफूहरू सधैँ त्रासमा रहेको र असुरक्षित महसुस गरिरहनुपरेको बताउछन् । ‘डिपो स्थानान्तरणको योजना अघि बढेको सुनिएको छ, यो स्वागतयोग्य छ, जतिसक्दो चाँडो यो कार्यान्वयन हुनुपर्छ,’ उनले भने।

जग्गा पहिचान हुनेबित्तिकै स्थानान्तरण स्थानीय र सरोकारवालाको दबाबपछि निगमले यसअघि नै धनगढीको डिपो स्थानान्तरण गर्ने योजना बनाएको थियो । नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय आवास कम्पनीले कञ्चनपुरको पुनर्वास नगरपालिका–३ र ५ मा रहेको २२ बिघा जग्गा निगमलाई बिक्री गर्ने प्रस्ताव अघि बढाए पनि जग्गा खरिदमा भने अन्योल देखिएको थियो।

त्यसपछि निगमले भण्डारण क्षमता अभिवृद्धि परियोजनाका प्रमुख प्रदीपकुमार यादवको संजोजकत्वमा जग्गा पहिचानको काम अघि बढाएको थियो। समितिले कैलालीको अत्तरिया चोकबाट छ किलोमिटर पूर्वतर्फ पूर्वपश्चिम राजमार्गको उत्तरतर्फको करिब २० बिघा जग्गा डिपो स्थानान्तरणका उपयुक्त रहेको भन्दै प्रक्रिया अघि बढाउन सिफारिस गरेको थियो। निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट जग्गा पहिचानको काम भइरहेको र उपयुक्त जग्गा भेट्टिनेबित्तिकै स्थानान्तरणको प्रक्रिया अघि बढ्ने बताउछन् । ‘उपयुक्त जग्गा नै प्राप्ति हुन सकेको छैन, चार–पाँच स्थानमा जग्गा खोजी भइरहेको छ । पारदर्शी र मितव्ययी ढङ्गले डिपो स्थानान्तरणको जग्गा खोजी भइरहेको छ,’ उनले भने।

धनगढीस्थित डिपोको लोडिङ क्षमता कम हुँदा टयाङ्करमा तेल भर्न समस्या परिरहेको नेपाल पेट्रोलियम डिलर्स एशोसियसन, सुदूरपश्चिम प्रदेश समितिका वरिष्ठ उपाध्यक्ष जीयालाल आचार्य बताउछन् । उनले भण्डारण क्षमता बढाउनाका साथै अहिलेको डिपोलाई स्थानान्तरण गरेर सुविधा सम्पन्न बनाउनेतर्फ निगमको ध्यान जानुपर्ने उनको भनाइ छ।

हाल धनगढीस्थित डिपो थोरै जगामा बनेको हुँदा अन्य संरचना निर्माण गर्न सम्भव नरहेको तथा दैनिक कार्य सञ्चालनसमेत विभिन्न कठिनाइ भोग्नुपरेको निगमको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हरिदत्त जोशी बताउछन् । अहिले डिपो रहेको जग्गा साँघुरो भएकाले भण्डारण क्षमता वृद्धि गर्न तथा ट्याङ्करमा लोडअनलोड गर्न पनि समस्या भइरहेको उनको स्वीकारोक्ति छ।

सरकारले हरेक प्रदेशमा कम्तीमा ९० दिनको माग धान्नसक्ने पेट्रोलियम भण्डारण गृह निर्माण गर्ने योजना बनाएको छ । सोहीअनुसार सबै प्रदेशमा भण्डारण क्षमता अभिवृद्धिका काम अघि बढेका छन्। अहिलेको भण्डारण क्षमताले सुदूरपश्चिम प्रदेशको एक साताको माग पनि धान्न नसक्ने बताइएको छ।

एक बिघा आठ कठ्ठामा फैलिएको उक्त डिपोमा अहिले डिजेल भण्डारणका लागि सात सय ६० किलोलिटरका दुई वटा भर्टिकल ट्याङ्क र ७० किलोलिटरको भूमिगत ट्याङ्क तथा पेट्रोल भण्डारणका लागि ७ सय ६० किलोलिटरको एक भर्टिकल ट्याङ्क र ७० किलोलिटरको भूमिगत ट्याङ्कसहितको संरचना छन्।

धनगढी डिपोले सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ, डोटी, अछाम र बाजुरा जिल्लामा पेट्रोलियम पदार्थ आपूर्ति गर्दै आएको छ।

विसं २०३७ मा स्थापना भएको सो डिपो अन्य प्रादेशिक डिपोको तुलनामा कम क्षेत्रफलमा सञ्चालनमा रहेको छ। उक्त डिपोबाट अहिले दैनिक १०० किलोलिटर पेट्रोल, ३०० किलोलिटर डिजेल तथा न्यूनमात्रामा मट्टितेल बिक्री हुँदै आएको छ । भारतको बन्थरास्थित इण्डियन आयल कर्पोरेसन (आइओसी)को डिपोबाट कैलालीको गौरीफन्टा नाका हुँदै धनगढी डिपोमा पेट्रोलियम पदार्थ आयात हुँदै आएको छ।रासस

# मेची राजमार्ग अवरुद्ध चार जिल्लाबासी प्रभावित

**इलाम।**
बिहीबारदेखिको अविरल वर्षाले अवरुद्ध मेची राजमार्ग शनिवार पनि बन्द छ । राजमार्गको इलाम नगरपालिका–९ स्थित इलाम–राजदुवाली खण्डमा पहिरो खसेपछि अवरुद्ध सडक खोल्न भरमग्दुर प्रयास भइरहेको सम्बन्धित निकायका अधिकारीले बताएका छन्।

सडक डिभिजन कार्यालयका प्रमुख पवन भट्टराईका अनुसार पहिरो पन्छाए पनि सडक भासिने क्रम रोकिएको छैन । ‘सडक खुलाउन हामी अहोरात्र खटेका छौँ तर सडक भासिने क्रम रोकिएको छैन,’ उनले भने।

मेची राजमार्ग अवरुद्ध हुँदा इलामसहित, पाँचथर, ताप्लेजुङ र झापाका यात्री प्रभावित भएका छन्।

इलामसहित पाँचथर र ताप्लेजुङबाट झापा जाने सवारी साधन गोलाखर्क भञ्ज्याङमा र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङ जाने सवारी साधन माईखोलामा रोकिएका छन्।

वैकल्पिक सडकका रुपमा प्रयोग हुँदै आएको मेची कोरिडोर (केचना–कञ्चनजङ्गा सडक) अन्तर्गत बेलासेस्थित माईखोलाको पुल असोज १८ को बाढीले भाँचिएको र तिल्केनी–सिमलगोलाई सडक अन्तर्गत जोगमाई खोलाको डाइभर्सनमा बिहीबारको बाढीले क्षति भएपछि इलामबाट झापा जाने यात्री पनि मर्कामा परेका छन्।रासस

# सगरमाथा क्षेत्रमा तीन दिनदेखि उडान ठप्प

**सोलुखुम्बु।**
प्रतिकूल मौसमका कारण सगरमाथाको प्रवेशद्वार मानिने लुक्लास्थित तेन्जिङ–हिलारी विमानस्थलमा तीन दिनदेखि हवाई उडान ठप्प छ । निरन्तर सिमसिमे पानी परिरहेको छ भने आकाश कुहिरोले छोपिएको छ।



हवाई उडान ठप्प हुँदा लुक्लादेखि नाम्चे बजारसम्मका होटल पर्यटकले भरिएका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाका हवाई ट्राफिक नियन्त्रक (एटिसी) नवराज कटुवालका अनुसार निरन्तर झरी परेकाले बिहीबारदेखि हवाई उडान हुन सकेको छैन। यस याममा दैनिक औसत ६० भन्दा हवाई उडान हुने गरिए पनि अहिले सबै ठप्प भएको उनले बताए।

उनले भने, ‘झरी परेकाले भिजिविलिटी न्यून त, विमान मात्रै नभई हेलिकप्टरको उडान पनि हुन सकेको छैन, गत बिहीबार केही हेलिकप्टरको उडान भए पनि अहिले भएको छैन।’

हवाई उडान रोकिएसँगै खुम्बु क्षेत्र भ्रमण गरी फर्कने तयारीमा रहेका पर्यटकहरु लुक्लामै अड्किएका छन् । यतिबेला लुक्लाका होटल र गेस्टहाउस पर्यटकले भरिएका छन्।

तारा एयरलाइन्स लुक्लाका इञ्चार्ज अमृत मगरका अनुसार एयरलाइन्सबाट टिकट काटेका करिब एक हजार ५०० पर्यटक लुक्लामै अड्किएका छन् । ‘लुक्लाका सबै होटल भरिएका छन्, नयाँ पाहुनाका लागि कोठा पाउन मुस्किल भएको छ,’ उनले भने।

पर्यटकलाई होटलले लबीमै बसाल्नु परेको स्थानीय तोयाकुमार श्रेष्ठले बताए । फ्रान्सबाट आउनुभएकी पर्यटक ज्युली मारीले आफूहरु हवाई उडानको प्रतीक्षामा रहेको बताए । ‘हामी सगरमाथा आधारशिविर पुगेर तीन दिनअघि लुक्ला फर्किएका छौँ, हवाई उडान नहुँदा यही रोकिएको अवस्था छ।’

**नाम्चेमा पनि उस्तै भीड**

लुक्लामा मात्रै होइन नाम्चेबजारका होटल पनि पर्यटकले भरिएका छन्। नाम्चेमा मात्रै करिब एक हजार २०० पर्यटक रोकिएको सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले बताए। उनले भने, ‘लगातारको झरी र माथिल्लो क्षेत्रमा हिउँ परिरहेको छ, माथिल्लो क्षेत्रमा गएका पर्यटक नाम्चे आइपुगेका छन्, लुक्लाबाट माथि हिँडेका पर्यटक पनि नाम्चेमै अड्किएका छन्, यतिबेला पर्यटकले नाम्चेका होटलमा शतप्रतिशत अकुपेन्सी छ।’

नाम्चे पुगेका टेक राईका अनुसार नाम्चेमा चार दिनदेखि घाम लागेको छैन । पाहुनाहरू पुस्तक पढ्दै, सङ्गीत सुन्दै दिन कटाइरहेका छन् ।

**सडक मार्ग पनि सहज छैन**

हवाई उडान ठप्प भएपछि केही पर्यटक भने लुक्लाबाट सल्लेरी हुँदै स्थलमार्गबाट काठमाडौँ फर्किने प्रयासमा छन्। तर त्यो बाटो पनि सहज छैन । पर्यटन व्यवसायी बल दर्नालका अनुसार बर्खाका कारण सोलुखुम्बु–काठमाडौँ सडकखण्डका विभिन्न ठाउँमा पहिरो र हिलोका कारण आवागमन अवरुद्ध भएको छ। विशेषगरी बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली आसपासमा भारी वर्षा र हिलोका कारण सवारीसाधन घण्टौँसम्म जाममा बस्नुपर्ने अवस्था आएको छ।

**मौसम अझै नखुल्ने सङ्केत**

काठमाडौँस्थित जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सरोज पुडासैनीका अनुसार मनसुन अझै सक्रिय छ र अहिले पनि भारी वर्षा र हिमपात हुने सम्भावना छ।

उनले भने, ‘कोशी प्रदेशसहितका हिमाली र पहाडी क्षेत्रमा अझै दुईदेखि तीन दिनसम्म वर्षा हुने सम्भावना छ, त्यसपछि मात्र मौसम विस्तारै खुल्ने अनुमान छ।’रासस

# सुर्नया गाउँपालिकामा तीन सातादेखि तालाबन्दी

**बैतडी।**
सूचनाको माग गर्दै जेन्जी समूहले बैतडीको सुर्नया गाउँपालिकामा तीन हप्तादेखि गरेको तालाबन्दी अझै खुल्न सकेको छैन। विभिन्न ११ बुँदे माग राख्दै गत असोज २४ गतेदेखि गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरिएको जेन्जी समूहका नेतृत्वकर्ता विशाल भट्टले बताए । उनले भने, ‘गाउँपालिकाको हितको लागि र पालिकामा सुशासन कायम गर्नका लागि माग अघि सारेका हौँ । सूचनाको मागलाई तुरुन्तै कार्यान्वयन गर्नुपर्छ । नभए हामी तालाबन्दी खोल्ने पक्षमा छैनौँ।’

जेन्जी समूहले २०७४ सालदेखि अहिलेसम्म सङ्घ, प्रदेश र स्थानीय तहबाट विनियोजन भई गाउँपालिकाभित्र कार्यान्वयन भएका योजना, आयोजना, विषयगत कार्यक्रम र खर्चको विवरण सार्वजनिक गर्न माग गरेका छन् ।

आर्थिक वर्ष २०८१–८२ को चालु र पुँजीगततर्फको गाउँपालिकाको सबै खर्च विवरण, जनप्रतिनिधि र कर्मचारीले लिएको घर भाडा, गाडी भाडा, भ्रमण भत्ता, इन्धन खर्च र मर्मत खर्चको छुट्टाछुट्टै विवरण र कार्यपालिकाको निर्णयको प्रतिलिपि उपलब्ध गराउनुपर्ने उनीहरुको माग छ।

सुदूरपश्चिम प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐनअनुरूप र सङ्घीय मन्त्रिपरिषद्को निर्णयअनुरूप दरबन्दीविहीन करार कर्मचारीलाई हटाउनुपर्ने र माथिल्लो सरकारी निकायबाट वा सरकारबाट लागू गर्नु भनि आएका पत्र परिपत्रको कार्यान्वयन यथाशीघ्र गर्नुपर्ने पनि उनीहरुले माग राखेका छन् ।महालेखा परीक्षकको प्रतिवेदन अनुसार र गाउँपालिकाबाट असुल गर्नुपर्ने भनी तोकिएको रकम तुरुन्त असुल गरी सार्वजनिक गर्नुपर्ने, शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, विपद् र खानेपानी जस्ता अति आवश्यक क्षेत्रका योजना तत्काल कार्यान्वयन गर्नुपर्ने, वडामा विनियोजन भएको मसलन्द खर्च १३ लाख ५० हजारलाई कटौती गरी नियमन गइनुपर्ने र युवाको क्षेत्रमा बजेट विनियोजन गरी तत्काल गाउँपालिकामा स्थानीय युवा परिषद् गठन गर्नुपर्ने उनीहरुको माग छ।

तालाबन्दी गरेको तीन हप्तासम्म पटक–पटक वार्ता र संवाद भए पनि निष्कर्षमा पुग्न नसकिएको गाउँपालिकाका अध्यक्ष अम्मर कुँवरले बताए । तालाबन्दी खोल्ने विषयमा छलफल जारी राखेको र केही बुँदामा सहमति हुन बाँकी रहेकाले छलफल निरन्तर भइरहेको उनको भनाइ छ । उनले भने ‘हामी निरन्तर छलफलमै छौं । केही बुँदाहरूमा सहमति हुन बाँकी रहेको छ । खास गरेर करारका कर्मचारी हटाउनुपर्ने विषयमा सहमति हुन सकेको छैन,’ उनले भने।

करारका सबै कर्मचारी हटाउनुपर्ने मागमा पालिकाको तर्फबाट असहमति रहेको अध्यक्ष कुँवरले बताए । उनले भने,‘करारका कर्मचारी हटाउँदा शिक्षा, स्वास्थ्य र प्रशासन क्षेत्र नै ठप्प हुन्छ। १७० जना करारका कर्मचारी एकैपटक बाहिरिन्छन् । विद्यालय, स्वास्थ्य संस्थासमेत बन्द हुने अवस्थामा पुग्छन् । त्यसैले यो विषयमा पुर्नविचार गर्न जेनजीलाई आग्रह गरेका छौं ।’

अध्यक्ष कुँवरले जेनजी समूहलाई पहिले तालाबन्दी खोल्नुपर्ने सर्त राखेको बताए । उनले भने, ‘गाउँपालिकामा तालाबन्दी गरेर हामीले कहाँबाट सूचना दिने, सर्वप्रथम तालाबन्दी खोलिनुपर्छ अनि सूचना दिने काम प्रक्रियागत रुपमा अगाडि बढ्छ।रासस

# जनकपुरधामका सुनचाँदी व्यवसायी आन्दोलित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तिहार अन्र्तगत धनतेरस पर्वको एक दिनपूर्व सुनचाँदी बजारमा स्थानीय प्रशासनले गरेको छापामारी र भएको झडपमा दोषी देखिएका प्रहरीमाथि कारबाही माग गर्दै व्यापारीहरु आन्दोलित भएका छन् । जनकपुरधामस्थित सुनचाँदी बजारमा भएको घटनाको निष्पक्ष छानबिन र दोषी प्रहरीमाथि कारबाहीको माग गर्दै स्थानीय व्यापारी आन्दोलनमा उत्रिएका छन् । धनतेरस पर्वको पूर्वसन्ध्यामा सुनचाँदी बजारमा प्रहरीद्वारा सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि कुटपिट भएको घटनापछि व्यापारीहरू आक्रोशित बनेका हुन् ।

घटनापछि जनकपुरधाम उद्योग वाणिज्य सङ्घ र स्थानीय व्यापारीहरूले संयुक्त रुपमा दुई चरणमा आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् । सङ्घको आह्वानमा व्यापारीले शनिबारदेखि आफ्ना व्यापारिक प्रतिष्ठानमा कालो झण्डा झुण्ड्याएर र कालोपट्टी बाँधेर व्यवसाय सञ्चालन गर्न थालेका छन् । उनीहरूले कात्तिक १७ गतेसम्म यही शैलीमा विरोध प्रदर्शन जारी राख्ने बताएका छन् ।

सङ्घका अनुसार पहिलो चरणको आन्दोलनबाट माग सम्बोधन नभए दोस्रो चरण अन्तर्गत कात्तिक १८ गते बिहान ९ बजे ‘नगर परिक्रमा’ गर्ने, दिउँसो १२ बजेदेखि सबै पसलहरू बन्द राख्ने र त्यसपछि जनक चोकमा कोणसभा तथा पत्रकार सम्मेलनको आयोजना गर्ने कार्यक्रम तय गरिएको छ ।

घटनाको सुरुवात धनतेरसको अघिल्लो दिन भएको थियो। प्रहरीले अवैध सुनचाँदी कारोबार भइरहेको सूचनाको आधारमा बजारमा छापा मारेको थियो । छापा मार्ने क्रममा प्रहरीले एक पसलबाट करिब ७ किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीले त्यसको विरोध जनाएका थिए । व्यापारीहरूले प्रहरीले छापाको नाममा चाँदी लुटपाट गरेको आरोप लगाएका छन् । व्यापार संघले घोषणा गरेको कार्यक्रम अनुसार १६ गते देखि १७ गतेसम्म आआफ्नो पसलमा कालो झण्डा र कालोपट्टि अनिवार्यरुपमा लगाई व्यवसाय सञ्चालन गर्ने, १८ गते दिउँसो १२ बजेसम्म पसल बन्द गर्ने र जनकपुरधाम उद्योग वाणिज्य संघमा भेला भई नगर परिक्रममा गरी जनक चोकमा कोण सभा तथा पत्रकार सम्मेलन गर्ने जनाएको छ ।

# बिर्तामा कुस्ती प्रतियोगिता



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. २६ सुगौली बिर्ता मेलामा आयोजित कुस्ती प्रतियोगिताको उद्घाटन नेपाली कांग्रेस पर्साका पूर्व सभापति एवं संविधान सभा सदस्य राजेन्द्रबहादुर आमात्यले गरेका छन् ।

हरेक वर्ष जस्तै यस वर्ष पनि मेलामा भव्य कार्यक्रम आयोजना गरिएको छ, र कुस्ती प्रतियोगिताको उद्घाटन आमात्यले गरेका हुन् ।

मधेशको सांस्कृतिक पहिचानसँग जोडिएको कुस्ती प्रतियोगितामा नेपाल र भारतका चर्चित खेलाडीको सहभागिता छ । प्रतियोगितामा भारतका अब्दुल गनी र नेपालका देवा थापा बीचको रोमाञ्चक भिडन्तले दर्शकहरूको ध्यान केन्द्रित गरेको छ ।

उद्घाटनमा वडा अध्यक्ष शम्भु मिश्रा, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि प्रेमचन्द्र दुवे, विजय कर्ण, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सचिव विजय उपाध्याय, रोशन लामीछाने, मनोज यादव, मुकेश गुप्ता, मनोज साह, मनोहर साह, संजय चतुर्वेदी, संतोष कुमार गुप्ता, गौरीशंकर गुप्ता, अगन्त चौरसिया, रुपेश साह, राहुल गुप्तालगायतको उपस्थिति थियो ।

# दोहोऱ्याइदोहोऱ्याइ महिला किन छिरिन् नेपाल हुँदै भारत ?



**मधेशदृष्टि**
**भैरहवा ।**
पहिला पनि डिदल्लीबाट डिपोट भएकी महिलाले नेपाली भूमि हुँदै बिना भिसा फेरि भारत छिरेपछि सीमा सुरक्षामा अरु कडाइ हुने भएको छ ।

भारतको महाराजगंज सोनौली बोर्डरबाट उज्वेकिस्तानकी महिला दोहो¥याएर विना भिसा भारत प्रवेश गरेको पाइएको छ । उनी नेपाल हुँदै भारत पुगेको पाइएको हो । उत्तर प्रदेश, महाराजगंज जिल्लाको इन्डो–नेपाल सीमास्थित सोनौली चेकपोस्टबाट उनी भारत पुगेपछि सीमा सुरक्षाबारे पनि प्रश्न उठेको छ ।

गिरफ्तार भएकी महिलाको नामा उमिदा जोइरोवा हो । इमिग्रेशन विभागका अधिकारी प्रमोद कुमार दुबेका अनुसार, शुक्रबार साँझ नियमित जाँचमा संदिग्ध विदेशी महिला भेटिएपछि सोधपुछमा उनीसँग उज्वेकिस्ताको पासपोर्ट भए पनि भारत भ्रमणका लागि भिसा थिए । अनुसन्धानक्रममा उनी पहिला पनि मुम्बई विमानस्थलमा २२ अप्रिलमा डिपोर्ट भएकी थिइन् । उनलाई पुनःभारत प्रवेशमा प्रतिबन्ध थियो र नेपाली भूमि हुँदै उनी फेरि भारत पुगेकी हुन् ।

उनी २२ अप्रिलमा नेपाल हुँदै के भारत प्रवेश गरेपछि सोनौलीमा फर्काएर कारबाहीको सिफारिस भएको थियो । यो घटनापछि नेपाली सीमामा विदेशी नागरिकको आवागमनमा अरु सुरक्षा सतर्कता बढाइएको छ ।

# जनार्दन शर्माको शैली अनुचितः प्रचण्ड



**काठमाडौँ**
नेकपा (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले पार्टीभित्र सबै जना एकजुट रहेको दाबी गर्दै नेता जनार्दन शर्माको व्यवहारप्रति असन्तुष्टि प्रकट गरेका छन् ।

शनिबार काठमाडौंमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रचण्डले बैठक चलिरहेका बेला नेता शर्माले बीचमै उठेर हिँडेको शैलीलाई अनुचित र अराजक बताए । उनले भने, ‘पार्टीमा सबै एकजुट भएका छन्। केन्द्रीय कमिटी बैठकसम्म जनार्दन पनि एक हुनेछन् भन्ने हामीलाई विश्वास छ । तर बैठकबाट उठेर हिँड्ने त्यो शैली राम्रो होइन, त्यो कसैलाई मन परेको छैन ।’

संयोजक प्रचण्डले माओवादी केन्द्रको महाधिवेशन तोकिएको मितिमै हुने स्पष्ट पार्दै ‘महाधिवेशन सार्ने हल्ला निराधार र अराजक’ भएको टिप्पणी गरे ।

यसअघि नेता जनार्दन शर्माले पार्टीको महाधिवेशन आयोजन समिति सचिवालय बैठकमा माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) सँगको एकता प्रक्रियामा आपत्ति जनाएका थिए । उनले उक्त एकता प्रयासले माओवादी आन्दोलनको पहिचान मेटाउने खतरा रहेको बताएका थिए । शर्माको भनाइमा, ‘माओवादी आन्दोलनका शहीद, बेपत्ता र घाइतेहरूको सपना नै हाम्रो आन्दोलनको मूल आधार हो, त्यसलाई कुण्ठित पार्ने दिशामा जाने एकता आन्दोलन बिसर्जनतर्फ लैजाने जोखिमपूर्ण कदम हो ।’ शर्माले महाधिवेशनबाट विधिसम्मत ढंगले नेतृत्व हस्तान्तरण गर्नुपर्नेमा, ‘एकताको नाममा मनोनीत प्रणालीबाट आफ्ना वरिपरि सुरक्षा घेरा बनाउन खोजिएको’ आरोप समेत लगाएका थिए ।

# एमालेको ११औँ महाधिवेशन काठमाडौँमा हुने

**काठमाडौँ ।**
नेकपा एमालेले आफ्नो ११औँ राष्ट्रिय महाधिवेशनको स्थल परिवर्तन गर्दै काठमाडौँमा आयोजना गर्ने निर्णय गरेको छ ।

शनिबार गुण्डुस्थित पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवासमा बसेको सचिवालय बैठकले यसअघि पोखरामा गर्ने निर्णयलाई परिमार्जन गर्दै राजधानीमा नै महाधिवेशन गर्ने निर्णय गरेको हो । पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार, मंसिर २७ देखि २९ गतेसम्म महाधिवेशन हुनेछ ।



ज्ञवालीले जनाएअनुसार देशभरका ६ लाख ६७ हजार ६३० जना पार्टी सदस्यहरूबाट विभिन्न अनुपातमा महाधिवेशन प्रतिनिधि चयन गरिनेछ । प्रतिनिधि छनोट मंसिर १३ गते शनिबार एकैसाथ देशभर हुनेछ, र चयनको विवरण मंसिर १५ गतेसम्म केन्द्रीय कार्यालयमा पठाइनेछ ।

प्रतिनिधि छनोटका लागि प्रतिनिधि सभा निर्वाचन क्षेत्रलाई आधार मानिएको छ । एक हजार दुई सय सदस्य बराबर दुई जना खुला, एक जना महिला र एक जना ४० वर्ष मुनिका युवा गरी प्रत्येक क्षेत्रबाट कम्तीमा चार जना प्रतिनिधि हुनेछन् । प्रत्येक थप ८ सय सदस्यका लागि एक जना अतिरिक्त प्रतिनिधि चुनिने र त्यसमध्ये महिला अनिवार्य हुने व्यवस्था गरिएको छ ।

ज्ञवालीका अनुसार, प्रतिनिधिहरूमा न्यूनतम एक तिहाई महिला सहभागिता सुनिश्चित गरिनेछ । दलित सदस्यहरूको हकमा जिल्ला निर्वाचन इकाई तोकिएको छ, जसअनुसार हरेक पाँच सय दलित सदस्यमध्येको एक जना प्रतिनिधि हुनेछन् ।

आरक्षित क्षेत्रका ट्रेड युनियनका प्रतिनिधि चयनका लागि प्रदेश इकाई रहनेछ । प्रत्येक प्रदेशमा रहेका ट्रेड युनियनका सदस्यमध्येको दुई महिला र पाँच खुला गरी सात जना प्रतिनिधि हुनेछन् । त्यस्तै, पार्टीका २३ वटा जनसंगठनबाट पाँच प्रतिनिधि (दुई महिला, तीन खुला) र महासंघीय ढाँचाका ६ संगठनबाट सात जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

पार्टीका ३२ वटा विभाग र केन्द्रीय कार्यालयबाट प्रत्येकबाट एक जना प्रतिनिधि चयन गरिनेछ । प्रदेश कमिटीबाट पाँच जना (तीन खुला, दुई महिला) र प्रवासमा रहेका ६ वटा महादेशस्तरका संगठनबाट हरेकबाट पाँच जना प्रतिनिधि हुनेछन् ।

पार्टीका अनुसार, तल्लो संगठनबाट ९ सय ७०, विशेष जिल्लाबाट ४७, दलितबाट ८१, ट्रेड युनियनबाट ४९, प्रवासबाट ३०, केन्द्रीय विभाग र कार्यालयबाट ३३, र जनसंगठनबाट १ सय २७ गरी करिब २ हजार १ सय प्रतिनिधि हुनेछन् । साथै, ४ सय ६४ जना पदेन प्रतिनिधि रहनेछन्, जसमा केन्द्रीय कमिटीका ३५४, अनुशासन आयोगका २९, लेखा आयोगका ३०, निर्वाचन आयोगका २५ र सल्लाहकार समितिका २५ जना समावेश हुनेछन् ।

बैठकले संविधानको रक्षा र लोकतन्त्रको जगेर्नाका लागि देशव्यापी जनपरिचालन कार्यक्रमको निर्णय पनि गरेको छ ।

यसअनुसार कार्तिक २२ गते देशभरका ६ हजार ७ सय ४३ वडामा जनभेला, कार्तिक २५ गते सबै पालिकामा प्रदर्शन, कार्तिक २९ गते प्रत्येक जिल्लामा जनसभा र मंसिर ६ गते राजधानी काठमाडौँमा विशाल जनसभा आयोजना गरिनेछ ।

त्यस्तै, विधान महाधिवेशनबाट प्राप्त सुझावहरूलाई परिमार्जन गरी कार्तिक २० गतेसम्म अन्तिम रूप दिने निर्णय पनि बैठकले गरेको पार्टीका उपमहासचिव ज्ञवालीले जानकारी दिए ।

# माओवादी केन्द्रको पहलमा सात वाम दल एकीकरण तयारी

**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र) को पहलमा सात वटा वामपन्थी दलबीच एकीकरण प्रक्रिया अघि बढ्ने भएको छ । पार्टीका नेता अग्नि प्रसाद सापकोटाका अनुसार, वैचारिक र नीतिगत सहमति लगभग टुंगिएको छ र अब प्राविधिक तथा सांगठनिक पक्षबारे अन्तिम छलफल जारी छ ।

एकीकरणमा सामेल हुने सात दलमध्ये नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), महेन्द्र राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी, प्रेमबहादुर सिंह नेतृत्वको नेकपा (जनशक्ति), राजु कार्की नेतृत्वको नेकपा (समाजवादी), सुवास काफ्ले नेतृत्वको जनसमाजवादी र चिरण सी नेतृत्वको समूह रहेका छन् ।

शनिबार पेरिसडाँडास्थित माओवादी केन्द्रको सचिवालय बैठक एकताका विषयमै केन्द्रित थियो । बैठकपछि सापकोटाले भने, ‘वैचारिक, राजनीतिक, सैद्धान्तिक र नीतिगत कुराहरूमा करिब–करिब सहमति भइसकेको छ । शनिबारको छलफल मुख्यतः प्राविधिक र सांगठनिक संयोजनमा केन्द्रित भयो ।’

पार्टी स्रोतका अनुसार, एकतापछि बन्ने नयाँ पार्टीको नेतृत्वमा प्रचण्ड संयोजक र माधवकुमार नेपाल सह–संयोजक हुने गरी प्रारम्भिक सहमति भएको छ ।

नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय समितिले शुक्रबार नै माओवादी केन्द्रलगायतका वाम दलहरूसँग एकता गर्ने निर्णय गरेको थियो । त्यसको भोलिपल्ट माओवादी केन्द्रले सचिवालय बैठक बसेर प्रक्रिया औपचारिक रूपमा अघि बढाएको हो ।

माओवादी केन्द्रले यही कात्तिक १७ गते केन्द्रीय समितिको बैठक बोलाएर एकता प्रस्ताव अनुमोदन गर्ने तयारी गरेको छ ।

बैठकपछि संयोजक प्रचण्डले एकता प्रक्रियामा सहभागी दलहरूबीच अन्तिम रूपको छलफल एक साताभित्र टुंगिने जानकारी दिए । उनले फरक मत राख्ने नेताहरूसँग पनि संवाद जारी रहेको उल्लेख गर्दै भने, ‘सबै पक्षहरू एकमत हुँदै एकताबद्ध दिशामा अघि बढिरहेका छन् ।’

# प्रधानमन्त्री कार्कीद्वारा कांग्रेस महामन्त्रीद्वयसँग परामर्श

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले विभिन्न राजनीतिक दलका नेताहरूसँग निर्वाचनका विषयमा परामर्श जारी राखेका छन । यसै सन्दर्भमा शनिवार उनले नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासँग छलफल गरेकी छन ।

छलफलका क्रममा प्रधानमन्त्री कार्कीले आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वचनबारे हालसम्म सरकार र राजनीतिक दलका तर्फबाट भएका तयारी तथा आगामी दिनमा गर्नुपर्ने कामका विषयमा छलफल गरेका प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले जानकारी दिए ।

प्रधानमन्त्री कार्कीले निर्वाचनमा राजनीतिक दलको स्पष्ट प्रतिबद्धता आउनुपर्नेमा जोड दिएका छन । सो क्रममा महामन्त्रीद्वयले भने, ‘औपचारिक निर्णय गर्न बाँकी भए पनि कांग्रेस निर्वाचनमा जान प्रतिबद्ध छ । शीघ्र यसबारे आधिकारीक निर्णय पनि गर्छौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) पनि राष्ट्रलाई निकास दिनका लागि निर्वाचनबाट भाग्न सक्दैन भन्ने विश्वास छ । एमालेलाई सहमतिमा ल्याउन सरकारले पनि थप प्रयास गर्नुपर्ने देखिन्छ । हामी पनि प्रयासरत छौँ ।’

उनिहरूले आफ्नो पार्टीले जेनजी युवासहित अन्य दलसँग पनि शीघ्र निर्वाचनलगायत समसामयिक विषयमा गहन संवाद गर्ने बताए । महामन्त्रीद्वय थापा र शर्माले जेनजी युवालगायत सबै राजनीतिक दलसँग गहन छलफल गरेर युवा आन्दोलनका मागलाई निर्वाचन अघि केकसरी सम्बोधन गर्न सकिन्छ र निर्वाचनपछिको संसद्को पहिलो बैठकले केके निर्णय गर्ने भन्ने विषयमा अहिले नै सहमति गरेर जानुपर्ने धारणा राखेका थिए ।

प्रधानमन्त्री कार्कीले एमाले नेतालाई पनि छलफलका लागि बोलाएका उनको सचिवालयले जनाएको छ । एमाले सचिवालय बैठक भएकाले छलफल अर्को दिन गर्ने एमाले नेतृत्वले बालुवाटारमा जानकारी गराएको प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव श्रेष्ठले जानकारी दिए ।

प्रधानमन्त्री कार्कीले यसअघि पनि विभिन्न चरणमा फरकफरक दलका नेताहरूसँग छलफल गरेको थियो । प्रधानमन्त्रीकै आह्वानमा यसअघि सरकार, राजनीतिक दल र जेन्जी युवाबीच त्रिपक्षीय संवाद पनि भइसकेको छ ।रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन